अन्तिम लेखापरीक्षण प्रतिवेदन
भीमफेदी गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०७६।७७

महालेखापरीक्षकको कार्यालय
काठमाडौं

Serving the Nation

and

the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415- 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.: २०९

मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
भीमफेदी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
मकवानपुर।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415- 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः०७८।७९ मितिः२०७८।०५।०४

च.नं.: २३७

श्री प्रमूखज्यू,
भीमफेदी गाउँपालिका
मकवानपुर।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले भीमफेदी गाउँपालिका, मकवानपुरको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.१ करोड ५ लाख २४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४२ लाख ९१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६१ लाख ५३ हजार र नियमित गर्नुपर्ने रु.८० हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०१।१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३३ यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । पालिकाको कार्यकारिणी, पालिका प्रमूख र प्रमुख प्रशासकिय अधिकृत यस पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्रप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

भीमफेदी गाउँपालिका, मकवानपुरको लेखापरीक्षण प्रतिवेदन
आर्थिक वर्ष : २०७६/७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । मकवानपुर जिल्ला स्थित यस पालिकाको वडा संख्या ९, गाउँसभा सदस्य ४७, जनसंख्या २४५०० जना र क्षेत्रफल २४५।२१ वर्ग किलोमिटर रहेको छ ।

क) स्थानीय संचित कोष अर्थिक वर्ष २०७६/०७७ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

विवरण	टिप्पणी	यस वर्षको रु.			
		बजेट	आफैले गरेको प्राप्ती/भुक्तानी	बस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		**५५४४४०९६०.९०**	**४८३०६९३०७.४४**	**0.00**	**४८३०६९३०७.४४**
क.प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने)		**४७४७९३०६७.००**	**४०४५९७८९४.०६**	**0.00**	**४०४५९७८९४.०६**
1100 कर	११	१०९२८९०००.००	७३५०९०१३.०६	0.00	७३५०९०१३.०६
1300 अनुदान		३०५४०३०००.००	२९४५२६५००.००	0.00	२९४५२६५००.००
संघीय सरकार	१२	२७३०९८०००.००	२७१२२१५००.००	0.00	२७१२२१५००.००
प्रदेश सरकार	१२	३२३०५०००.००	२३३०५०००.००	0.00	२३३०५०००.००
१४०० अन्य राजस्व	११	६०१०१०६७.००	३६५६२३८१.००	0.00	३६५६२३८१.००
ख. अन्य प्राप्ती		**७९६४७८९३.९०**	**७८४७१४१३.३८**	**0.00**	**७८४७१४१३.३८**
कोषहरु		८७११३९३.९०	८४९७८८५.९०	0.00	८४९७८८५.९०
धरौटी		0.00	१७४००२२.४८	0.00	१७४००२२.४८
संघीय, प्रदेश सरकार र अन्य कार्यक्रम		७०९३६५००.००	६८२३३५०५.००	0.00	६८२३३५०५.००
भुक्तानी (ग+घ)		**६०९४४०९६०.९५**	**४५३५६३०६६.४९**	**0.00**	**४५३५६३०६६.४९**
ग. भुक्तानी (संचित कोषबाट)		**५२९७९३०६७.०५**	**३७९२५०९५०.२४**	**0.00**	**३७९२५०९५०.२४**
21000 पारिश्रमिक/सुविधा	१८	१६३२०५९५०.००	१४८४४९३६९.८०	0.00	१४८४४९३६९.८०
22000 मालसामान तथा सेवाको उपयोग	१८	११५७७६११७.०५	५७९८८३३६.०७	0.00	५७९८८३३६.०७
27000 सामाजिक सुरक्षा	१८	४२५६०००.००	४१५६७५४.००	0.00	४१५६७५४.००
28000 अन्य खर्च	१८	१८०२०००.००	९७९०००.००	0.00	९७९०००.००
31000 गैर वित्तिय सम्पती/पूँजिगत खर्च	१८	२४४७५३०००.००	१६७६७७४९०.३७	0.00	१६७६७७४९०.३७
घ. अन्य भुक्तानी		**७९६४७८९३.९०**	**७४३१२११६.२५**	**0.00**	**७४३१२११६.२५**
कोषहरु		८७११३९३.९०	५९४२३९७.००	0.00	५९४२३९७.००
धरौटी		0.00	२६३२८०.००	0.00	२६३२८०.००
संघीय, प्रदेश सरकार र अन्य कार्यक्रम		७०९३६५००.००	६८२३३५०५.००	0.00	६८२३३५०५.००
कट्टी रकम दाखिला गर्न बाँकी		0.00	-१२७०६५.७५	0.00	-१२७०६५.७५
ङ. यो वर्षको बचत (न्युन)		**-५५०००००0.०५**	**२९५०६२४०.९५**	**0.00**	**२९५०६२४०.९५**
च. गत वर्षको जिम्मेवारी रकम (अ.ल्या धरौटी समेत)		0.00	५७४६४०९५.६१	0.00	५७४६४०९५.६१
वर्षान्तको बाकी रकम (ङ+च)		**-५५०००००0.०५**	**८६९७०३३६.५६**	**0.00**	**८६९७०३३६.५६**
बैंक तथा नगद बाँकी रकम			**९०५४८६५०.२६**	**0.00**	**९०५४८६५०.२६**

ख) कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी आदेश मार्फत सम्बन्धीतलाई सोझै भुक्तानी भएका कोरोबारहरु

शीर्षक	वार्षिक बजेट	निकासा	खर्च	खर्च मध्ये पेस्की
प्रदेश पूर्वाधार विकास कार्यक्रम	६९३७०००.००	५२०८६६२.००	५२०८६६२.००	००.००
स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम	८४२३५००.००	७८६६५२९.००	७८६६५२९.००	००.००
सामाजिक सूरक्षा कार्यक्रम	५३५६३०००.००	५३५६३०००.००	५३५६३०००.००	००.००
राष्ट्रीय परिचयपत्र तथा पन्जिकरण चालु	१३०२०००.००	८७०६५०.४०	८७०६५०.४०	००.००
राष्ट्रीय परिचयपत्र तथा पन्जिकरण पुजिगत	२०६०००.००	००.००	००.००	००.००
राष्ट्रपति महिला उत्थान कार्यक्रम	१००००.००	१००००.००	१००००.००	००.००
गरीवसँग विश्वेश्वर कार्यक्रम	४९५०००.००	४९४६००.००	४९४६००.००	००.००
जम्मा रु.	**७०९३६५००.००**	**६८०१३४४१.४०**	**६८०१३४४१.४०**	**००.००**

लेखापरीक्षणबाट देखिएको व्यहोराहरु

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	लेखापरीक्षणको क्रममा बढी भुक्तानी भएको भत्ता **रकम रु १०४७९८ असुल** भई सम्बन्धीत खातामा दाखिला भएको छ ।	
	लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रीयाबाट रु १६६२८५ असूल भई सम्बन्धित खातामा दाखिला भएको छ ।	
	वित्तीय विवरण विश्लेषण	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिका तथा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार पालिका तथा पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • पालिकाले जिल्ला समन्वय समितिबाट रु.७० लाख प्राप्त भएकोमा उक्त रकम विविध तर्फ आम्दानी बाँधी हिसाब राख्नुपर्नेमा संघीय समपुरक तर्फ आम्दानी जनाएकोले सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को टिप्पणीतर्फको अनुसूचि १२ र १५ मा रु.७० लाखले हिसाब फरक पर्न गएको देखिएकले सोही अनुसार हिसाब समायोजन गरिएको छ । • प्रदेश सरकारबाट कोरोना रिलिफ फण्डका लागि रु.१० लाख प्राप्त भएको रकम प्रकोप व्यवस्थापन तथा कोभिड कोषमा आम्दानी जनाउनु पर्नेमा पालिकाले उक्त रकम प्रदेश सशर्त तर्फ आम्दानी जनाएको कारण प्रदेश सशर्तको हिसाब रु.१० लाखले फरक परेको देखिन्छ । • सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को टिप्पणीतर्फको अनुसूचि २१ मा समपुरकमा आम्दानी बाँधिएको जिल्ला समन्वय समितिबाट प्राप्त रकम रु.७० लाख र प्रकोप व्यवस्थापन तथा कोभिड कोषमा आम्दानी जनाउनु पर्नेमा प्रदेश सरकारबाट कोरोना रिलिफ फण्डका लागि रु.१० लाख प्राप्त भएको रकम समेत रु.८० लाख रकम फिर्ता गर्नु नपर्ने भएकोले उक्त रकम घटाउँदा पालिकाले रु.५४८८२२४।९७ मात्र फिर्ता पठाउन बाँकी देखिन्छ । पालिकाले उक्त रकम मिति २०७७।११।२० र २३ मा फिर्ता गरेको छ । • म.ले.प.फा.नं.२७२ अनुसार विभिन्न भुक्तानीमा कट्टी रकम रु.१२७०६५।७५ दाखिला गर्न बाँकी रहेकोमा मिति २०७६ श्रवण ४ मा दाखिला भएको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**खर्च विश्लेषण** – पालिकाको वित्तीय प्रतिवेदन अनुसार यस बर्ष आन्तरिक श्रोतबाट रु.३६५६२३८१ (मालपोतबाट प्राप्त रजिष्ट्रेशन शुल्क र वन रोयल्टी समेत), राजस्व बाँडफाँड रु.७३५०९०१३।०६ र अनुदानबाट रु.२९४५२६५०० समेत पालिकाको संचितकोषको आम्दानी रु.४०४५९७८९४।०६ भएकोमा पालिका चालुतर्फ रु.२११५७३४६० र पूँजिगततर्फ रु.१६७६७७४९०।२४ समेत रु.३७९२५०९५०।२४ खर्च भएको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु देहायअनुसार रहेका छन् – • पालिकाको कुल आम्दानीको तुलनामा राजश्व बाँडफाड १८।१७ प्रतिशत, आन्तरीक श्रोत ९।०४ प्रतिशत र अन्य अनुदानको हिस्सा ७२।७९ प्रतिशत रहेको छ । • पालिकाको यस बर्षको कुल बजेट खर्चको तुलनामा चालुतर्फ ५५।७९ प्रतिशत र पुँजीगततर्फ ४४।२१ प्रतिशत रहेको छ । • कुल चालुखर्चमध्ये पारिश्रमिक तथा सुविधामा रु.१४८४४९३६९।८० अर्थात आन्तरीक आयको तुलनामा ४०६।०२ प्रतिशत रहेको देखिन्छ । • यसवर्ष पदाधिकारी सुविधातर्फ रु.४२३१८००, अनुगमन, मुल्यांकन तथा भ्रमणमा रु.१८२४०५०, विविधमा रु.२५१६६८०, कार्यालय सामान रु.१७८६५८७, सेवा परामर्शतर्फ रु.६३१५९३९ समेत रु.१६६७५०५६ जुन आन्तरीक आयको ४६ प्रतिशत हुन आउछ । यसबाट पालिकाको आन्तरीक आयको भन्दा अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च भएको देखिन्छ । तसर्थ पालिकाले आन्तरीक आयको दायारा फरकीलो बनाउने तथा प्रशासनिक खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ । त्यसैगरी संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
	बजेट तथा कार्यक्रम र कानूनको परिपालना	
३.	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।	

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसो चौमासिक	
१	पालिका पुजिगत	१४३१३९	६२२९	४५०६६	९१८४४	७४४९६
२	प्रदेश पुजिगत	९९४८	०	०	९९४८	९९४८
३	स्थानीय पूर्वाधार विकास साझेदारी	७८६७	०	०	७८६७	७८६७
४	प्रदेश पूर्वाधार विकास	५२०७	०	०	५२०७	५२०७

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

५	संघीय सर्शत पुजिगत	६५४९	०	२३४४	६३१५	६३१४
	कूल खर्चः	१७२७१०	६२२९	४७४१०	१२११८१	१०३८३२
	खर्च प्रतिशत	१००	३.६१	२७.४५	६८.९३	६०.११

उपरोक्त विवरण अनुसार पालिकाले तेस्रो चौमासिकमा कुल बजेट खर्चको ६८।९३ प्रतिशत खर्च गरेको छ । जसमध्ये असार महिनामा मात्र ६०।११ प्रतिशत खर्च गरेको छ । तसर्थ आर्थिक वर्षको अन्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	५३७६३०००.००	२५४६१९४६.००	**७.५१**
सामाजिक क्षेत्र	२१६२२९०००.००	१७००२२०९५.००	**५०.१७**
पूर्वाधार विकास क्षेत्र	१७११८९०००.००	१३२२२३६८१.००	**३९.०२**
सुशासान तथा अन्तरसम्बन्धीत क्षेत्र	१५९५६११०.००	६६६९१६२.००	**१.९७**
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	७२६५५९५७.००	४४८७४६५.००	**१.३२**
जम्मा	**५२९७९३०६७.००**	**३३८८६४३४९.००**	**१००.००**

५. **न्यायीक समिति** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ वटा र यो बर्ष थप भएको २७ गरी कुल ३० विवाद दर्ता भएकोमा २६ वटा मात्र फर्छ्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

६. **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । म.ले.फा.नं.२७३ को संचितकोषको अन्य प्राप्तितर्फ समावेश संघ, प्रदेश तथा अन्य कार्यक्रकहरु मध्ये प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश पूर्वाधार विकास कार्यक्रम र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी आदेश बिधिद्वारा खर्च लेखिने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, राष्ट्रिय पन्जिकरण विभागबाट प्राप्त रकम, सामाजिक सूरक्षालगायत शिर्षकको खर्च रकम रु.६८०१३४४१।४० को मात्र लेखापरीक्षण भएको छ । तर पालिकाको संचितकोषमा आम्दानी बाँधिने र खर्च लेखिने कारोबार तथा कोषहरु आन्तरिक लेखापरीक्षण भएको पाईएन् । तसर्थ कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको इ टीडिएस नगरेको पाइयो। • विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा आंशिक मात्र गरेको पाईयो । • रु. २५ हजार भन्दा बढीको रकम चेकमार्फत भुक्तानी गर्नुपर्नेमा कितपय कारोबारहरु कर्मचारीलेलाई सोधभर्ना गराउने गरेको पाईयो । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तथा नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्नेमा यो वर्ष पुजीगत शिर्षकबाट रु.१६ करोड ७६ लाख ७७ हजारको पूँजीगत खर्च।खरिद कार्य गरेकोमा खरिद योजना बनाएको पाईएन् । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्नेमा आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका कार्यालय तथा अन्य भवन, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । • निर्माण कार्यको लागि स्वीकृत म.ले.प.फा.नं.५०३ अनुसारको ढाँचामा नापी किताब नराखी कम्प्युटरबाट तयार गरेको लुजसीटमा नापी विवरण उल्लेख गरी खर्च लेख्ने गरेको पाईयो । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा कतिपयमा पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरी खर्च लेखेको पाईयो । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ८ ऐन, १४ कार्यविधि र ६ नर्म्स समेत २८ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
८.	**जिन्सी व्यवस्थापनः** आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली २०७७ को परिच्छेद ९ मा उल्लेख भए बमोजिम सरकारी सम्पत्तीको जिम्मा, लगत तथा संरक्षण गर्नुपर्ने तथा नियम ९९ बमोजिम वर्षमा कम्तीमा एक पटक जिन्सी निरिक्षण गरी प्रतिवेदन तयार गर्ने व्यवस्था रहेकोमा पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको देखिएन् । तसर्थ पालिकामा नियमावलीमा तोकीएको व्यवस्था अनुसार जिन्सी मालसामानको अवस्था देखिने गरी विवरण खुलाई निरीक्षण गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।	
	संगठन तथा कर्मचारी व्यवस्थापन	
९.	गाउँपालिकाले छात्राहरुलाई महिनावारीको समयमा विद्यालय आउनजान सहज होस भनी स्यानिटरी प्याड खरिद गरी वितरण गरेको छ।पालिकाले १००० वटा प्याड रु. ४९ को दरले खरिद गरेकोमा महेन्द्र मा वि लाई माग भए अनुसार २३८ र महालक्ष्मी मावि लाई ९८ गरी जम्मा ३३६ वटा वितरण भएको र बाकी कार्यालय स्टोरमा रहेको कार्यालयको भनाई छ । लेखापरीक्षण क्रममा विद्यालयमा वितरणका लागि पठाएको प्याड वितरण गरेको प्रमाण उपलब्ध नभएकाले प्रमाण उपलब्ध हुनुपर्ने रु..	१६४६४
१०.	गो भौ ४०२ मिति ०७७/३/२२ मा सामाजिक विकास समितिको बैठक बसेको भत्ताको खर्च लेखेको छ। उक्त समितिको बैठकमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ।	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
११.	गो भौ नं ४५२ मिति ०७७/३/२९ मा श्री महालक्ष्मी मा वि का द्वन्द पिडित विद्यार्थीलाई सहयोग स्वरुप रु १७२५० खर्च लेखेकोमा विद्यार्थीहरुले प्राप्त गरेको भरपाई प्रमाण प्राप्त भएन। विद्यार्थीहरुले प्राप्त गरेको भरपाई पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु...	१७२५०
१२.	न्यायिक समितिको बैठकमा उपस्थित संयोजक तथा सदस्यहरुलाई मात्र बैठकमा उपस्थित भई भत्ता दिन मिल्ने व्यवस्था रहेको छ । तर पालिकाले गो भौ नं ४०३ मिति ०७७/३/२३ मा निम्नानुसारका व्यक्तिलाई आमन्त्रीतमा राखि बैठक भत्ता भम्तानी दिएको छ । कानुनमा व्यवस्था भए बमोजिम पदाधिकारीलाई बैठक भत्ता दिने गरी सुधार हुनुपर्दछ ।	

नाम	बैठक संख्या	जम्मा रकम	कर कट्टी	बुझेको रकम
जीवन कुँवर	२०	२००००	३०००	१७०००
दुर्गा घिमिरे	१४	१४०००	२१००	११९००
बद्री सापकोटा	३	३०००	४५०	२५५०
ध्रुब लामिछाने	१	१०००	१५०	८५०
तोयानाथ तिवारी	१	१०००	१५०	८५०
कल्पना दुलाल	२०	२००००	३०००	१७०००
जम्मा				५०१५०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१३.	**कर्मचारी करार —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी भित्रको आईटी अफिसर, कृषि तथा पशु तर्फको प्राविधक, ओभरसियर तथा अन्य प्राविधिक र कार्यलय सहयोगी गरी २८ जना कर्मचारीहरु करारमा राखी रु. ५३१५९३९/ खर्च लेखेको छ ।	
१४.	**करार कर्मचारीलाई महंगी भत्ता –** पालिकाले आन्तरिक श्रोतबाट बेहोर्ने गरी कार्यपालिबाट निर्णय गरी तथा करार सम्झौतामा समावेश गरी देहायका करारतर्फका कर्मचारीहरुलाई महंगी भत्ता भुक्तनी दिएको छ । तर सामान्य प्रशासन मन्त्रालयको च.नं.२१७ मिति २०७४।०१।२५ को परिपत्र अनुसार करार सेवमा कार्यरत कर्मचारीहरुले महंगी भत्ता दिने व्यवस्था रहेको देखिएन् । तसर्थ संघीय मन्त्रालयबाट जारी भएको परिपत्र अनुसार मात्र सुविधा दिने तर्फ ध्यान दिनुपर्दछ ।	

सि नं	नाम	दर	महिना	जम्मा रकम
१	नविन कुमार यादव	२०००	१२	२४०००
२	दिपेश आलेमगर	२०००	१२	२४०००
३	जयराम चौलागाई	२०००	१२	२४०००
४	निशान्त राई	२०००	१२	२४०००
५	समृध्द सिंह मुक्तान	२०००	१२	२४० ०
६	सुनिता पुडासैनी	२०००	१२	२४०००
७	सम्झना दर्लामी	२०००	१२	२४०००
८	मन्जुमाया थिङ्ग	२०००	१२	२४०००
९	मिना दाहाल	२०००	१२	२४०००
१०	अनिसा श्रेष्ठ	२०००	१२	२४०००
११	सचेन्द्र कठायत	२०००	५	१००००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

१२	विनोद लामा	२०००	५	१००००
१३	कौशल वस्नेत	२०००	५	१००००
१४	विष्णुमाया थापा	२०००	१२	२४०००
१५	सानुकान्छा घिसिङ्ग	२०००	१२	२४०००
१६	नारायण प्रसाद शर्मा	२०००	१२	२४०००
१७	जिवन लामा	२०००	५	१००००
	जम्मा			३५२०००

१५. **विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु.२५१६६८० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

आन्तरिक आम्दानीतर्फ

१६. **राजस्व अनुमान तथा असुलीः** गाउँपालिकाले यो वर्ष आन्तरिक श्रोतबाट रू. १,४७,६५,०००।—राजस्व संकलन हुने अनुमान गरेकोमा रू. ९०,५६,४२२।— संकलन गरेकोले रु. ५७,०८,५७८।— (अनुमानको तुलनामा ३३.६६ प्रतिशत) घटी राजस्व संकलन भएको छ। करको दायरा वढाउने र असुली प्रकृया प्रभावकारी वनाई राजस्व संकलन वढाउनु पर्दछ।

शीर्षक	अनुमान	असुली	प्रतिशत
भुमिकर/मालपोत	१५०००००	०	०
घरवहाल कर	१०००००	०	०
साना सवारी साधन कर	५००००	०	०
पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	१००००००	०	०
अन्य मनोरञ्जन कर	१५०००	०	०
व्यावसाय रजिष्ट्रेशन दस्तुर			०
अन्य स्रोतबाट प्राप्त रोयल्टी	१५०००००	७२५४०	४.८३
सिफारिश दस्तुर	६०००००	०	०
अन्यक्षेत्रको आय	१०००००००	८९८३८८२	८९.८४
जम्मा	१४७६५०००	९०५६४२२	६१.३३

१७. **आय शीर्षकः** पालिकाले विभिन्न शीर्षकमा आम्दानी गरेको राजस्व शीर्षक खुलाई आम्दानी बाँधेको देखिएन।एकमुष्ठ आम्दानी जनाएकोले अनुमान गरिएको र विभिन्न शीर्षकमा प्राप्त भएको राजस्व वीच तुलना गरी विष्लेषण गर्न सक्ने स्थिति देखिएन। शीर्षकगत रुपमा राजस्वको लेखा राख्नु पर्दछ ।

१८. **व्यवसाय दर्ता तथा नविकरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा कर लगाउने व्यवस्था छ। यो वर्ष पालिकाले व्यवसायमा कर लगाई असुल गरेको देखिएन।करको दायरा वढाई राजस्को आधार वलियो वनाउनु पर्दछ।

१९. **समुदायिक वनबाट प्राप्त आय** — स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्रि तथा उपयोग समबन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावार बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष सामुदायिक वनबाट प्राप्त आय खुल्नेगरी आम्दानी बाधेको देखिएन् । अत पालिकाले डिभिजन वन तथा सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय गरी प्राप्त हुनुपर्ने रकम एकीन गरी असुल गर्नुका साथै प्राप्त रकम स्रोत खुल्ने गरी आम्दानी बाध्ने

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	व्यवस्था मिलाउनु पर्दछ ।	
२०.	मुल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा ५(३) मा ढुङ्गा, गिट्टी, वालुवा, चिप्स आदी उत्खनन्, संकलन तथा विक्री शुल्क असुलीमा मुल्यअभिवृद्धि कर लाग्ने व्यवस्था छ।नदीजन्य पदार्थमा असुल गरेको मूल्य अभिवृद्धि कर सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छः	
२०.१.	गाउँपालिकाले रासी खोला र किसेडी खोला आसपासको ढुङ्गा, गिट्टी, वालुवा, चिप्स आदी उत्खनन्, संकलन तथा विक्रीको लागि रु. ९६,३१,१०३।— लागत अनुमान तयार गरी प्रकाशित सुचनाअनुसार दाखिला हुन आएको मन्न विल्डर्स निबुवाटारको रू.९६३५००० (मु.अ.कर वाहेक) को एकमात्र बोलपत्र स्वीकृत गरी तीन किस्तामा रकम वुझाउने र मुल्यअभिवृद्धि कर ठेकेदारले दाखिला गरी भौचर पेश गर्ने गरी ३०३०६।५ घन मिटरको सम्झौता गरेको छ। लेखापरीक्षणको क्रममा गाउँपालिकालाई वुझाउनु पर्ने रकममा कोभिड १९ को कारण ९२२५९।८४ घनमिटर बराबरको परिमाण उत्खनन गर्न नसकेको भनी स्थानीय अनुगमन समिति, राजस्व परामर्श समिति र पालिकाको प्राविधिकको स्थलगत अनुगमन प्रतिवेदनको आधारमा कार्यापालिकाले सिफारिस गरे बमोजिम सभाबाट रु.२७९९००० छुट दिई बाँकी रु.६८३६००० वुझाएको देखिए तापनि मुल्यअभिवृद्धि कर रू.८,८८,६८०।— दाखिला गरेको नदेखिएकोले असुल गरी सम्वन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने रू	८८८६८०
२०.२.	पालिकाले अमानतबाट ढुङ्गा, गिट्टी, वालुवा, चिप्स आदी विक्री गरी रु.१०८९२८१।१६ मूल्यअभिवृद्धिकर सँकलन गरेकोमा मिति २०७७।११।१६ को भौचरबाट शिर्षक नं ३३३१४ मा दाखिला गरेको छ । तसर्थ समयमा कर दाखिला गर्नेतर्प ध्यान दिनुपर्दछ ।	
२१.	**नगद आम्दानीः** गाउँपालिकाले यो बर्ष नगदी रसिद तथा मालपोत रसिद ठेली बाट सम्पत्तिकर, सिफारिश दस्तुर लगायत विभिन्न शिर्षकमा आम्दानी गरेको छ । उक्त आम्दानी कारोबार गर्दा देहायअनुसार गरेको पाइयोः	
२१.१.	**रसिद ठेलीको प्रयोगः** गाउँपालिकाले छपाईबाट प्राप्त भएको आम्दानी गर्दा प्रयोग गरीने नगदी रसिद ठेली के कति वितरण भयो र वितरण भएका रसिदबाट प्राप्त आम्दानी समयमै दाखिला गरेको प्रमाणसमेत सम्लग्न गरी नगदी रसीद फिर्ता लिनु पर्दछ। रसिद नियन्त्रण खाता तयार गरेको भए तापनि अद्यावधिक गरेको पाईएन। रसिद नियन्त्रण खाता अध्यावधिक गर्नुपर्दछ ।	
	योजना संचालन तथा पुँजीगत खर्च	
२२.	**योजना छनौट** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन् । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
२३.	**योजना कार्यान्वयन तथा संचालन** — स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष पालिकाले पुँजीगततर्फ	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>रु.७० हजार देखि रु. ४ करोड १२ लाख सम्मका २०९ वटा योजनाहरुको कार्यान्वयन गरी रु. १६ करोड ७६ लाख ७७ हजार खर्च गरेको छ । जुनमध्ये रु.५ लाख भन्दा मुनिका मात्र १३८ वटा योजनाहरु रहेका छन् भने रु.५० लाख भन्दा माथीका ३ वटा मात्र योजना रहेका छन् । यसरी स—साना तथा छरिएर रहेका योजनाहरुले दीगो तथा टिकाउ विकासको लक्ष्य हासिल गर्न समेत सक्ने अवस्था समेत देखिदैन् । साथै जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च हुने र निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु प्रतिफलमूलक नतिजा दिन सक्ने प्रकृतिका योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४.</td><td>ज्याला तथा निर्माण सामग्रीको दररेट — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला तथा महशूलको स्थानीय दररेट तोक्न सक्ने व्यवस्था रहेको छ । पालिकाले मकवानपुर जिल्ला दररेट समितिले निर्धारण गरेको दररेटलाई नै प्रयोग गरेको छ । जिल्ला दररेट निर्धारण समितिले जिल्ला भित्रका सबै स्थानमा उपलब्ध हुने अवस्थालाई मध्यनजर गरी दररेट निर्धारण गर्ने हुनाले पालिकाले आफ्नो क्षेत्र भित्र उपलब्ध हुने निर्माण सामाग्रीको दर जिल्ला दररेट भन्दा केही घटी हुने देखिन्छ । तर पालिकाले दररेट निर्धारण नगरी जिल्ला दररेटलाई प्रयोग गर्दा विकास निर्माण कार्यसमेत महंगो भई पालिकालाई नै थप आर्थिक भार पर्ने देखिन्छ। अतः पालिकाले जिल्ला दररेट समितिले निर्धारण गरेको दररेट भन्दा बढी नहुने गरी पालिकाको दररेट निर्धारण गरी कार्य गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>हेभी इक्विपमेण्टको प्रयोग — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><th>सि नं</th><th>उपभोक्ता समितिको नाम</th><th>लागत अनुमान</th><th>पालिकाबाट भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr>
<tr><td>१</td><td>देउराली खाडी खर्क हुदै खाडीधारा सडक</td><td>१८०३६७४</td><td>१४८६५००</td><td>एक्साभेटर र ब्रेकर</td><td>१४४३६३०</td></tr>
<tr><td>२</td><td>गुम्वा पोखरी कृषि सडक</td><td>४४५४३२३</td><td>४००००००</td><td>एक्साभेटर र ब्रेकर</td><td>३४५२२३०</td></tr>
<tr><td>३</td><td>आम्लीङ्ग बसन्ती बाहबिसे सडक</td><td>३६४५५६५</td><td>२९११३८२</td><td>एक्साभेटर र ब्रेकर</td><td>२८३४५७०</td></tr>
<tr><td>४</td><td>रानीपोखरी बदौ सिन्की खाडल बाघमारा सडक</td><td>४९०७२३८</td><td>३९५८७४९</td><td>एक्साभेटर र ब्रेकर</td><td>३६०१४३०</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.</td><td>जनश्रमदान - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक</td><td>१२१००</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.</th><th>उपभोक्ता समिति र काम</th><th>सम्झौता रकम</th><th>कार्य सम्पन्न रकम</th><th>पालिकाले व्यहोर्ने %</th><th>घटी अनुपातिक कट्टी रकम</th></tr>
<tr><td>२ संघ</td><td>खोपकेन्द्र भवन निर्माण</td><td>३८३७४१</td><td>३३९५००</td><td>८५</td><td>१२१००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७.</td><td>वालमा बढी परिमाण — पालिकाले उपभोक्ता समितिमार्फत संचालन गरेका देहायका योजनाहरुमा स्टोन तथा ब्रिक म्यासनरीमा लेन्टिल ब्यान्ड तथा ह्युमपाईपका ओपनिङ्गहरु परिमाण नघटाई वालको परिमाण गणना गरेको पाईयो। जसका कारण देहायका कार्यमा निम्नानुसार घटानु पर्ने परिमाण नघटेकाले बढी भुक्तानी भएको देखिन्छ । तसर्थ यसरी बढी भुक्तानी भएको रकम असुल गरी संचित कोष दाखिला हुनुपर्ने रु
<table>
<tr><th>गो भौ</th><th>उपभोक्ता समिति</th><th>कार्य</th><th colspan="2">ह्युमपाईप</th><th>दर रु.</th><th>बढि भुक्तानी दर रु.</th></tr>
<tr><th></th><th></th><th></th><th>साईज एमएम</th><th>ओगेटेको वालको परिमाण</th><th></th><th></th></tr>
<tr><td>४</td><td>दम्की घुसीनी अछौडा सडक वडा नं ५</td><td>स्टोन वाल</td><td>७००</td><td>०।७६</td><td>६९८७</td><td>५३११</td></tr>
<tr><td>६५</td><td>घोसीङ्ग स्वरा चापाघारी सडक</td><td>स्टोन वाल</td><td>९००</td><td>०।५७</td><td>६९८७</td><td>३९८३</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td><td></td><td>९२९४</td></tr>
</table></td><td>९२९४</td></tr>
<tr><td>२८.</td><td>ढुंगाको परिमाण नघटाएको - उही स्थानमा सडक निर्माण गर्ने क्रममा एक्साभेटको प्रयोग गरी हार्ड रक खन्ने कार्य भएको अस्थामा निस्कने ढुंगाहरु प्रयोग गरी ड्राई म्यासनरी वाल, रिटेनिङ्ग वाल तथा ग्याविन भर्ने कार्यमा उक्त ढुंगाहरु प्रयोग गर्न सकिनेमा ती कार्यको लागि अन्तबाट खरिद गरी उक्त कार्य गरेको हो भनी भन्न सकिने अवस्था देखिएन । तसर्थ उक्त स्थानमा भएको ड्राई म्यासनरी वाल, रिटेनिङ्ग वाल तथा ग्याविन वर्कको लागि आवश्यक पर्ने ढुंगामा प्रति घ.मि. रु.१२६५ का दरले भुक्तानी भएकोले पालिकालाई देहाय अनुसारको रकम थप व्ययभार परेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।</td><td></td></tr>
<tr><td>२८.१.</td><td>प्रदेश सशर्त गो.भौ.३ बाट २८५० मिटर लम्बाई भएको रानीपोखरी बदौ सिन्की खाडल बाघमारा सडक निर्माण कार्यमा ४९७१।३१ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी प्रति घ.मि.रु.३६८।२० का दरले मुल्यांकन गरी उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा उक्त स्थानमा ग्याविन तथा ड्राई स्टोन वाल निर्माणका लागि आवश्यक पर्ने २३५।६८ घ.मि. ढुंगा अन्तबाट खरिद गर्ने गरी ढुंगाको प्रति घ.मि.१२६५ का दरले लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । सोही स्थानमा सडक निर्माण गर्दा प्राप्त ढुंगाको प्रयोग गर्दा ढुवानी तथा लोड अनलोड समेत प्रति घ.मि.रु.४७०।३८ का दरले लागत घटने देखिन्छ । तसर्थ सोही स्थानको ढुंगा प्रयोग भएको अवस्थामा अन्तबाट खरिद गर्नुको प्राविधक पुष्टाई पेश हुनुपर्ने अन्यथा पालिकाबाट भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.</td><td>२२१२५७</td></tr>
<tr><td>२८.२.</td><td>प्रदेश सशर्त गो.भौ.४ बाट दम्की घुसिनी अछौडा सडक पालिका वडा नं ५ निर्माण कार्य गर्दा २२८६।६८ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी प्रति घ.मि.रु.३६८।२० का दरले मुल्यांकन गरी उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा उक्त स्थानमा ग्याविन तथा ड्राई स्टोन वाल निर्माणका लागि आवश्यक पर्ने २६६ घ.मि. ढुंगा अन्तबाट खरिद गर्ने गरी ढुंगाको प्रति घ.मि.१२६५ का दरले लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । सोही स्थानमा सडक निर्माण गर्दा प्राप्त ढुंगाको प्रयोग गर्दा ढुवानी तथा लोड अनलोड समेत प्रति घ.मि.रु.५८६।२५ का दरले लागत घटने देखिन्छ । तसर्थ सोही स्थानको ढुंगा प्रयोग भएको अवस्थामा अन्तबाट खरिद गर्नुको प्राविधक पुष्टाई पेश हुनुपर्ने अन्यथा पालिकाबाट भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.</td><td>१५५९४३</td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२८.३.	**गो**.भौ.१५ बाट कोगटे धार्के महाभिर सडक निर्माण कार्य गर्दा ७१०२।८३ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी प्रति घ.मि.रु.३६८।२० का दरले मुल्यांकन गरी उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा उक्त स्थानमा ग्याविन तथा ड्राई स्टोन वाल निर्माणका लागि आवश्यक पर्ने १४६।८१ घ.मि. ढुंगा अन्तबाट खरिद गर्ने गरी ढुंगाको प्रति घ.मि.१२६५ का दरले लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । सोही स्थानमा सडक निर्माण गर्दा प्राप्त ढुंगाको *(श्रेस्तामा संलग्न फोटामा समेत हार्ड रक एक्साभेसन भएकै स्थानमा वाल लगाईएको देखिएको)* प्रयोग गर्दा ढुवानी तथा लोड अनलोड समेत प्रति घ.मि.रु.१०५१ का दरले लागत घटने देखिन्छ । तसर्थ सोही स्थानको ढुंगा प्रयोग भएको अवस्थामा अन्तबाट खरिद गर्नुको प्राविधक पुष्टाई पेश हुनुपर्ने अन्यथा पालिकाबाट भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.	१५४२९८
२८.४.	**गो**.भौ.६५ मिति २०७६।११।०८ बाट घोसिङ्ग स्वारा चापाघारी सडक निर्माण कार्य गर्दा १०४१।०६ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी प्रति घ.मि.रु.३६८।२० का दरले मुल्यांकन गरी उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा उक्त स्थानमा स्टोन वाल निर्माणका लागि आवश्यक पर्ने ६४।४७ घ.मि. ढुंगा अन्तबाट खरिद गर्ने गरी ढुंगाको प्रति घ.मि.१२६५ का दरले लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । सोही स्थानमा सडक निर्माण गर्दा प्राप्त ढुंगाको प्रयोग गर्दा ढुवानी तथा लोड अनलोड समेत प्रति घ.मि.रु.५९७ का दरले लागत घटने देखिन्छ । तसर्थ सोही स्थानको ढुंगा प्रयोग भएको अवस्थामा अन्तबाट खरिद गर्नुको प्राविधक पुष्टाई पेश हुनुपर्ने अन्यथा पालिकाबाट भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.	३८४८९
२८.५.	**गो**.भौ.१०४ मिति २०७७।०१।०९ बाट निगाले सडक स्तरउन्नती कार्य गर्दा १५४३।५८ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी प्रति घ.मि.रु.३६८।२० का दरले मुल्यांकन गरी उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा उक्त स्थानमा स्टोन वाल निर्माणका लागि आवश्यक पर्ने ९१।०८ घ.मि. ढुंगा अन्तबाट खरिद गर्ने गरी ढुंगाको प्रति घ.मि.१२६५ का दरले लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । सोही स्थानमा सडक निर्माण गर्दा प्राप्त ढुंगाको प्रयोग गर्दा ढुवानी तथा लोड अनलोड समेत प्रति घ.मि.रु.६६८ का दरले लागत घटने देखिन्छ । तसर्थ सोही स्थानको ढुंगा प्रयोग भएको अवस्थामा अन्तबाट खरिद गर्नुको प्राविधक पुष्टाई पेश हुनुपर्ने अन्यथा पालिकाबाट भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.	६१३२२
२८.६.	**गो**.भौ.१७६ मिति २०७७।०३।२१ बाट कान्ती लोकपथ मालगाँउ स्वारा सडक निर्माण कार्य गर्दा ६३।८८ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी प्रति घ.मि.रु.३६८।२० का दरले मुल्यांकन गरी उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा उक्त स्थानमा स्टोन वाल निर्माणका लागि आवश्यक पर्ने २६।३ घ.मि. ढुंगा अन्तबाट खरिद गर्ने गरी ढुंगाको प्रति घ.मि.१२६५ का दरले लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । सोही स्थानमा सडक निर्माण गर्दा प्राप्त ढुंगाको प्रयोग गर्दा ढुवानी तथा लोड अनलोड समेत प्रति घ.मि.रु.५९७ का दरले लागत घटने देखिन्छ । तसर्थ सोही स्थानको ढुंगा प्रयोग भएको अवस्थामा अन्तबाट खरिद गर्नुको प्राविधक पुष्टाई पेश हुनुपर्ने अन्यथा पालिकाबाट भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.	१५७०२
२८.७.	**गो**.भौ.१९९ मिति २०७७।०३।२९ बाट याङ्गराङ्ग ग्रामिण कृषि सडक निर्माण कार्य गर्दा १५२०।५३ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी प्रति घ.मि.रु.३६८।२० का दरले मुल्यांकन गरी उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा उक्त स्थानमा ग्याविन तथा स्टोन वाल निर्माणका लागि आवश्यक पर्ने १६६।६८ घ.मि. ढुंगा अन्तबाट खरिद गर्ने गरी ढुंगाको प्रति घ.मि.१२६५ का दरले लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । सोही स्थानमा सडक निर्माण गर्दा प्राप्त ढुंगाको प्रयोग गर्दा ढुवानी तथा लोड अनलोड समेत प्रति घ.मि.रु.६९८ का दरले लागत घटने देखिन्छ । तसर्थ सोही स्थानको ढुंगा प्रयोग भएको अवस्थामा अन्तबाट खरिद गर्नुको प्राविधक पुष्टाई पेश हुनुपर्ने अन्यथा	११६३४४

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	पालिकाबाट भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.	
२८.८.	**गो**.भौ.२२६ मिति २०७७।०३।३१ बाट घोरसिङ्ग ढडाघारी अघोर सडक निर्माण कार्य गर्दा १९३०।८५ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी प्रति घ.मि.रु.३६८।२० का दरले मुल्यांकन गरी उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा उक्त स्थानमा ग्याविन तथा स्टोन वाल निर्माणका लागि आवश्यक पर्ने २१०।७४ घ.मि. ढुंगा अन्तबाट खरिद गर्ने गरी ढुंगाको प्रति घ.मि.१२६५ का दरले लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । सोही स्थानमा सडक निर्माण गर्दा प्राप्त ढुंगाको प्रयोग गर्दा ढुवानी तथा लोड अनलोड समेत प्रति घ.मि.रु.५९७ का दरले लागत घटने देखिन्छ । तसर्थ सोही स्थानको ढुंगा प्रयोग भएको अवस्थामा अन्तबाट खरिद गर्नुको प्राविधक पुष्टाई पेश हुनुपर्ने अन्यथा पालिकाबाट भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.	१२०४३९
२८.९.	**गो**.भौ.२०२ मिति २०७७।०३।२९ बाट खोल्मुडाडा बाह्रबिसे सडक निर्माण कार्य गर्दा ५८७।५७ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी प्रति घ.मि.रु.३६८।२० का दरले मुल्यांकन गरी उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा उक्त स्थानमा ग्याविनको कार्यका लागि आवश्यक पर्ने ६६ घ.मि. ढुंगा अन्तबाट खरिद गर्ने गरी ढुंगाको प्रति घ.मि.१२६५ का दरले लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । सोही स्थानमा सडक निर्माण गर्दा प्राप्त ढुंगाको प्रयोग गर्दा ढुवानी तथा लोड अनलोड समेत प्रति घ.मि.रु.५९७ का दरले लागत घटने देखिन्छ । तसर्थ सोही स्थानको ढुंगा प्रयोग भएको अवस्थामा अन्तबाट खरिद गर्नुको प्राविधक पुष्टाई पेश हुनुपर्ने अन्यथा पालिकाबाट भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.	३९४०२
२८.१०.	**गो**.भौ.१८७ मिति २०७७।०३।२१, दमार बस्ती तटबन्ध उपभोक्ता समितिलाई ६९ घ.मि.जाली भर्ने कार्यको लागि आवश्यक ढुंगा अनुतबाट खरिद गरी भर्ने कार्यको लागि प्रति घ.मि.२१४९ का दरले लागत अनुमान तयार गरी सोही दरमा उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । तर श्रेस्तामा संलग्न रहेको फोटो तथा लेखापरीक्षणमा प्राप्त वानकारी अनुसाद उपभोक्ता समितिले सोही स्थानमा रहेको नदीको गोलो ढुंगाको प्रयोग गरेको देखिन्छ । जसबाट उक्त स्थानमा उपलब्ध हुने ढुंगाहरु कलेक्सन गरी जाली भर्ने स्थानसम्म म्यानुअल ढुवानी समावेश गर्दा प्रति घ.मि.रु.१५७५ मात्र लाग्ने देखिन्छ । जसबाट उक्त कार्यमा प्रति घ.मि.रु.६०४ का दरले ६९ घ.मि.मा रु.४१६७६ बढी भुक्तानी दिएको रकम असुल हुनुपर्ने देखिएको रु.	४१६७६
२९.	**ग्याविनमा बढी दर** - पालिकाले सानुटार सिचाई मर्मतका लागि ग्याविन जालि भर्ने कार्यको लागि खानीको ढुंगा प्रयोग गर्ने गरी प्रति घ.मि.रु.२१४९ का दरले हुने दरबिश्लेषण सहित उपभोक्ता समितिसँग सम्झौता गरेको छ । तर उपभोक्ता समितिले उक्त ग्याविन भर्न नदीको ढुंगा प्रयोग गरेको देखिन्छ । नदीको ढुंगा प्रयोग गर्दा प्रति घ.मि.रु.१८०० का दरले भुक्तानी हुनुपर्ने देखिन्छ । तर उपभोक्ता समितिले तोकीय गुणस्तमा कार्य नगरेको अवस्थामा दररेट संशोधन गरी भुक्तानी दिनुपर्नेमा लागत अनुमानकै दरमा भुक्तानी दिएकोले उक्त ग्याविन भर्ने कार्यमा प्रति घ.मि.रु.३४९ का दरले १४६ घ.मि.मा रु.५०९५४ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.	५०९५४
३०.	गो.भौ.१५ मिति २०७६।०९।२३ बाट कोगटे धार्के महाभिर सडक निर्माण कार्य सडकको केही स्थानमा ग्याविन तथा ड्राई स्टोन वाल निर्माणका लागि आवश्यक पर्ने १४६।८१ घ.मि. ढुंगा अन्तबाट खरिद गरी ढुवानी गर्न लमसममा रु.२५००० उल्लेख भएको छ । तर श्रेस्तामा संलग्न फोटामा समेत हार्ड रक एक्साभेसन भएकै स्थानमा वाल लगाईएको देखिन्छ । तसर्थ सोही स्थानको ढुंगा प्रयोग भएको अवस्थामा समेत पालिकाबाट निर्माण सामाग्री अन्तबाट खरिद गरी ढुवानी गरेको देखाई रु.२५००० ढुवानी वापतको उल्लेख गरी भुक्तानी दिएको रकम असुल हुनुपर्ने देखिएको रु.	२५०००
३१.	**पिसीसीमा बढी दर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरेको स्थानीय दररेटमा मेसिन उपकरण लगाई कार्य गर्नेको हकमा नेपाल सरकारबाट स्वीकृत दर तथा नर्म्सको प्रयोग गर्ने उल्लेख गरेको छ । तर पालिकाले सडक तर्फको संरचना निर्माण गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स प्रयोग नगरी फरक नर्म्सको प्रयोग गरेको छ । पालिकाले सडकतर्फको पिसीसी तथा आरसीसी अर्थात ढलान सडक निर्माण गर्ने कार्यको म्यानुअल हुने भनी दर विश्लेषण गरेकोमा श्रेस्तामा संलग्न फोटोलगायतका कागजात अनुसार उपभोक्ता समितिले उक्त कार्य मेसिनको प्रयोग गरी गरेको देखिन्छ । सडक तथा ब्रिजको लागि स्वीकृत नर्म्स २०७५ को २०।२ ए अनुसार दरविश्लेक्षण गर्दा १:२:४ तर्फ प्रति घ.मि.रु.९७३६।३० हुने देखिन्छ । तर पालिकाले तयार गरेको दर विश्लेषणमा उक्त कार्यको दर प्रति घ.मि.रु.१०६९८।८० कायम गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरी सोही दरमा भुक्तानी दिएको छ । जसअनुसार प्रति घ.मि.मा ९६२।५ का दरले लागत अनुमान बढन गई दाहाय अनुसारको रकम बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत नर्म्स भन्दा बढी दरमा भुक्तानी भएको असुल हुनुपर्ने देखिएको रकम रु.
<table>
<tr><th>गो.भौ.</th><th>उपभोक्ता समिति</th><th>पीसीसी</th><th>परिमाण घ.मि.मा</th><th>बढी दर रु.</th><th>बढी भुक्तानी रु</th></tr>
<tr><td>४५</td><td>छवेली भित्रि सडक निर्माण</td><td>१:२:४</td><td>५५.२३</td><td>९६२.५०</td><td>५३१५९</td></tr>
<tr><td>६७</td><td>सिमलबोट हुदै गुण्डङ्ग निडरे चुलेसीडाँडँ जोडने सडक</td><td>१:२:४</td><td>४५.२३</td><td>९६२.५०</td><td>४३५३४</td></tr>
<tr><td>८३</td><td>चोकबजार छवेली सडक स्तरीकरण</td><td>१:२:४</td><td>३४.४७</td><td>९६२.५०</td><td>३३१७८</td></tr>
<tr><td>८६</td><td>चर्चटोल स्ल्याब ढलान</td><td>१:२:४</td><td>२७.०७</td><td>९६२.५०</td><td>२६०५५</td></tr>
<tr><td>१८८</td><td>दम्की सुपिङ्ग सडक स्तरउन्नती</td><td>१:२:४</td><td>१०३.६७</td><td>९६२.५०</td><td>९९७८३</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td><td>२५५७०९</td></tr>
</table></td><td>२५५७०९</td></tr>
<tr><td>३२.</td><td>गो.भौ.२२ मिति २०७६।०९।२३ बाट झल्कने खानेपानी टैकी निर्माण कार्यको लागि आवश्यक पिसिसि १:२:४ को दर प्रति घ.मि.१३०२५ कायम गरेको छ । तर पालकाले उक्त दर विश्लेषण गर्दा १:२:४ को लागि स्वीकृत नर्म्स अनुसार दक्ष जनशिक्त १ र अदक्ष जनशक्त ४ प्रयोग गर्नुपर्नेमा दक्ष्य जनशक्ति ०।७ र अदक्ष जनशक्ती ७ प्रयोग गरी प्रति घ.मि.मा रु.१७७० ले बढी हुने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई सोही दरमा भुक्तानी दिएको छ । जसबाट उक्त निर्माण कार्यमा १०।५८ घ.मि. प्रति घ.मि.रु.१७७० का दरले रु.१८७२६।६० बढी भुक्तानी भएको छ । तसर्थ बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.</td><td>१८७२७</td></tr>
<tr><td>३३.</td><td>सहज कार्यको परीक्षण बढाएको – पालिकाले उपभोक्ता समितिबाट संचालन गरेको देहायको योजनामा उपभोक्ता समितिले लागत अनुमानमा उल्लेख भए अनुसारको कार्य नगरी सहजै रुपमा गर्न सकिने स्टोन मस्यासनरी लगायतका कार्यको परीक्षण बढी हुने गरी सम्पन्न गरी भुक्तानी लिएको देखिन्छ । पालिकाले उपभोक्ता समितिबाट कार्य गराउदा परिमाण फरक हुने गरी कार्य भएको अवस्थामा समेत कुने प्राविधक पुष्टाई संलग्न गरेको पाईएन् । जसबाट उपभोक्ता समितिले सहजै हुने कार्यको परिमाण बढी गर्ने प्रवृतीले उक्त योजना संचालनको औचित्य पुष्टी नहुने देखिन्छ । तसर्थ उपभोक्ता लागत अनुमान भन्दा फरक कार्य गर्दा पालिकाको स्वीकृत नलिएको अवस्थामा लागत अनुमानमा तोकीए भन्दा बढी परिमाण कार्य भएको रकम भुक्तानी दिन मिल्ने देखिदैन । तसर्थ देहाअनुसार लागत अनुमानमा उल्लेख भए भन्दा बढी कार्य भएको प्राविधिक पुष्टाई पेश हुनुपर्ने अन्थया बढी परिमाण बराबरको रकम असुल हुनुपर्ने देखिएको रु
<table>
<tr><th>गो.भौ</th><th>योजनाको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३९</td><td>गोल्पिङ्ग बेसी आपचौर बेसारधारी</td><td>४९२० मटर लम्बाई भएको सडक निर्माण गर्नुपर्नेमा ३९५० मिटरको मात्र सडक निर्माण गरी स्टोन म्यानरीतर्फ सम्झौता</td><td>१४५१३८</td></tr>
</table></td><td>१४५१३८</td></tr>
</table>

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

	ग्रा कृषि सडक	उल्लेख भए भन्दा बढी लम्बाई, चौडाई तथा उचाईमा कार्य गरी रु.१४५१३७।८३ भुक्तानी लिएकोले सूरु स्वीकृत लागत परिमाण भन्दा वढी भुक्तानी भएको रु/	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
३४.	**गो.**भौ.१२१ मिति २०७७।०२।२५, बस्ती बचाउ ४ नं वडा भवन देखि फुटबल चौर सम्म भूक्षय नियन्त्रण गर्ने कार्यको लागि २६ थान ग्याविन जालिहरुको ढुवानीको लागि लमबसमा रु.३५००० रकम लाग्ने गरी लागत अमान तयार गरेको छ । उक्त २६ थान जाली ढुवानी गर्ने अधिकतम रु.१०००० मात्र लाग्ने *(अन्य योजनामा ४१ थान जाली ढुवानी गर्दा बढीमा रु.१०००० दिएको)* देखिन्छ । जसकारण उक्त योजनामा ग्याविन ढुवानीको लागि रु.२०००० बढी समावेश गरी भुक्तानी दिएको रकम असुल हुनुपर्ने देखिएको रु.	२००००
३५.	**योजना संशोधन** – पालिकाले स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अनुसार शिर्षक फरक नपर्ने गरी खर्च गर्नुपर्दछ । तर पालिकाको सभाले देहाय अनुसारको योजनामा खर्च गर्ने गरी बजेट स्वीकृत गरेकोमा योजना २०७७।०३।१० को सभाबाट सभाबाट सोको खर्च तथा योजना संशोधन समर्थन गरेको देखिन्छ ।	

भौ.नं.	बजेटमा भएको योजना	खर्च गरिएको योजना	खर्च रकम
१९७	याङराङ किसेडी मच्छेबास सडक	आँपखोल्सी कप्सेरी सल्लाघारी सडक स्तरीकरण	२००००००
१९९	जेरेथुम पर्यटकीय स्थल निर्माण	याङ्गराङ ग्रामिण कृषि सडक	१७३३७८३
जम्मा			**३७३३७८३**

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
३६.	**मेसिन लागएकोमा म्यानुअल दर** – स्वीकृत सडक तथा भवन नर्म्स अनुसार सडक सफाई गर्ने कार्य मान्छेबाट हुने गरी प्रति व.मि.रु.२५ र मेसिन लगाई कार्य गर्दा प्रति व.मि.रु.७।५ कायम गरेको छ । पालिकाबाट म्यानुअल हुने गरी लागत अनुमान तयार भएकोमा देहायका योजनामा मेशिन लगाई कार्य गरेकोमा समेत लागत अनुमानकै दरमा भुक्तानी भएको छ । जसबाट देहाय अनुसारको रकम बढी भुक्तानी हुन गएको असुल हुनुपर्ने देखिएको रु.	२४४४९७

भौ.नं.	व्यहोरा	रकम
५५	चिउरी बगैचा काली मन्दीर देखि खत्री डाँडा सडक मर्मत कार्यको लागि सर्फेस ड्रेसिङ्गको कार्य मान्छेबाट गर्ने भनी प्रति व.मि.रु.२६ को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा *(उ.स.ले के ए कन्स्ट्रक्सनको एकस्साभेटर प्रयोग गरेको मू अ कर बिजक समावेश भएको)* प्रति व.मि.रु.७।५ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति व.मि.रु.१८।५० का दरले ३२९० व.मि.मा रु.६०८६५ बढी भुक्तानी भएको रकम रु.	६०८६५
६३	गोल्मिङ्ग बेशी देवी विद्यालय मोटर बाटो मर्मत कार्यको लागि सर्फेस ड्रेसिङ्गको कार्य मान्छेबाट गर्ने भनी प्रति व.मि.रु.२६ को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा *(उ.स.ले प्रमियर कन्स्ट्रक्सनको एकस्साभेटर प्रयोग गरेको मू अ कर बिजक समावेश भएको)* प्रति व.मि.रु.७।५ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति व.मि.रु.१८।५० का दरले १६८० व.मि.मा रु. ३१०८० बढी भुक्तानी भएको रकम रु.	३१०८०
६६	रानीखोला डुम्रीटार मोटर बाटो मर्मत कार्यको लागि सर्फेस ड्रेसिङ्गको कार्य मान्छेबाट गर्ने भनी प्रति व.मि.रु.२६ को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन	२६७५२

दफा	भौ.नं., मिति र ब्यहोरा			बेरुजू रकम
		लगाई कार्य गराउदा *(उ.स.ले प्रमियर कन्स्ट्रक्सनको एकस्साभेटर प्रयोग गरेको मू अ कर बिजक समावेश भएको)* प्रति व.मि.रु.७।५ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति व.मि.रु.१८।५० का दरले १३९२ व.मि.मा रु.२५७५२ बढी भुक्तानी भएको रकम रु.		
	१०८	ढुंङग्यान भदौरे गुम्दम मोटर बाटो मर्मत कार्यको लागि सर्फेस ड्रेसिङ्गको कार्य मान्छेबाट गर्ने भनी प्रति व.मि.रु.२६ को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा *(उ.स.ले हिमगंगा ईन्जिनिगरीङ्ग एण्ड कन्स्ट्रक्सनको एकस्साभेटर प्रयोग गरेको मू अ कर बिजक समावेश भएको)* प्रति व.मि.रु.७।५ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति व.मि.रु.१८।५० का दरले ६८०० व.मि.मा रु.१२५८०० बढी भुक्तानी भएको रकम रु.	१२५८००	
		जम्मा	२४४४९७	
३७.	**घटी लम्बाईमा कार्य गरेको —** गौ भौ ५० बाट २०१० मिटर लम्बाई तथा ५ मिटर चौडाई भएको बाह्घरे चिप्लेनि मेल्टार सडक निर्माण गर्ने गरी पालिकाले रु.९००००० बेहोर्ने गरी रु.१०९४२८४ को कार्य गर्ने गरी उपभोक्ता समितिसँगसम्झौता भएकोमा उपभोक्ता समितिले ११७० मिटर मात्र सडक निर्माण गरेकोमा समेत सम्झौता अनुसारको रु.९००००० नै भुक्तानी लिएको छ । ८४० मिटर घटी लम्बाई भएको सडक निर्माण गर्दा समेत उपभोक्ता समितिले सडकको चोडाई तथा ट्र्याक परिवर्तन गरी रु.१०९४३४१ को कार्य भएको देखिन्छ ।सूरु सम्झौता अनुसारको कार्य उपभोक्ता समितिबाट सम्पादन भएको अवस्थामा रु.६३६९७१ को मात्र कार्य सम्पादन हुन गई पालिकाले रु.५४१४२५ मात्र भुक्तानी दिन मिल्ने देखिन्छ। जसबाट पालिकालई रु.३५८५७४ थप व्यभार परेको समेत देखिन्छ । जसबाट योजनाहरु संचलानको उद्देश्य अनुसार नै संचालन भएको भन्न सकिने अवस्था रहेन । साथै यसरी उपभोक्ता समितिले फरक कार्य गर्दा पालिकाबाट अनुमती लिएको समेत देखिएन् । साथै पालिकाले सूरु सम्झौता अनुसार कार्य नगरी फरक कार्य गर्नपरेको अवस्थामा प्राविधिक पुष्टाई समेत लागत अनुमान रिभाईज गर्नुपर्नेमा सो समेत गरेको देखिएन्। तसर्थ पालिकाले योजना उद्देश्य अनुरुप संचालन हुने गरी कार्यान्वियन गर्ने कार्यमा सुधार गर्नुपर्दछ ।			
३८.	**परिमाण गणना - गो.**भौ.२२२ मिति २०७७।०३।३०, सुपिङ्ग भस्मे अम्लिङ्ग पान्द्राङ्ग सडक निर्माण कार्यको लागि पालिकाले रु.६०६८११५।४५ मध्ये रु.४८५०००० पालिकाले बेहोर्ने तथा रु.१२१८११५।४५ उपभोक्ता समितिले बेहोर्ने गरी लागत अनुमान तयार गरी सम्झौता गरेको छ । लागत अनुमान तयार गर्दाको नापी अनुसार उक्त सडकको चेनेज नं ५७१० दिख ६०१० सम्म सडक ११५ मटर चौडा गर्ने तथा ततपश्चात ७१०० मिटर नयाँ सडक नर्माण गर्ने गरी सम्झौता भएको छ । उपभोक्ता समितिबाट कार्य सम्पन्न भई भुक्तानीका लागि माग भएकोमा पालिकाको प्राविधिकले सडक चौडाई भएको चेनेज ५७१० देखि ६०१० सम्म समेत ५ मटर चौडाई नयाँ सडक खन्ने कार्य भएको भनी मुल्यांकन गरी भुक्तानी दिएको छ । लागत अनुमान तयार गर्दा समावेश भएका प्रमाण कागजातका आधारमा पहिले नै निर्माण भई सकेको सडक पुन स्तरउन्नती तथा चौडा मात्र गरेको नापी गर्नुपर्नेमा नयाँ सडक निर्माण भएको मूल्यांकन गरी २३७४।५६ घ.मि. बढी परिमाण कार्य भए देखाएको छ । जसअनुसार हार्ड सोईल तर्फ १८९९।६५ घ.मि.कोप्रति घ.मि.रु.५५।२३ का दरले रु.१०४९१७।७२ र सफ्ट रकतर्फ ४७४।९१ घ.मि.मा प्रति घ.मि.रु.१८४।१० का दरले रु.८७४३१।४४ गरी कुल रु.१९२३४९।१६ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.			१९२३५०
३९.	**बढी भुक्तानी - गो.**भौ.२२० मिति २०७७।०३।३० बाट गोरखनाथ मन्दीर संरक्षण तथा मर्मत संभारका लागि आवश्यक पिसिसि १:२:४ को दर प्रति घ.मि.१३०२५ कायम गरेको छ । तर पालकाले उक्त दर विश्लेषण गर्दा १:२:४ को लागि स्वीकृत नर्म्स अनुसार दक्ष जनशिक्त १ र अदक्ष जनशक्त ४ प्रयोग			

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गर्नुपर्नेमा दक्ष्य जनशक्ति ०।७ र अदक्ष जनशक्ती ७ प्रयोग गरी प्रति घ.मि.मा रु.१७७० ले बढी हुने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई सोही दरमा भुक्तानी दिएको छ । जसबाट उक्त निर्माण कार्यमा ११।६५ घ.मि. प्रति घ.मि.रु.१७७० का दरले रु.२०६२०।५० बढी भुक्तानी भएको छ । तसर्थ बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.</td><td>२०६२१</td></tr>
<tr><td>४०.</td><td>बढी दर - गो.भौ.२२८ मिति २०७७।०३।३१ बाट साङ्ग छोईलिङ्ग गुम्बा निर्माणका लागि आवश्यक पिसिसि १:२:४ को दर प्रति घ.मि.१३०२५ कायम गरेको छ । तर पालकाले उक्त दर विश्लेषण गर्दा १:२:४ को लागि स्वीकृत नर्म्स अनुसार दक्ष जनशिक्त १ र अदक्ष जनशक्त ४ प्रयोग गर्नुपर्नेमा दक्ष्य जनशक्ति ०।७ र अदक्ष जनशक्ती ७ प्रयोग गरी प्रति घ.मि.मा रु.१७७० ले बढी हुने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई सोही दरमा भुक्तानी दिएको छ । जसबाट उक्त निर्माण कार्यमा २८।७४ घ.मि. प्रति घ.मि.रु.१७७० का दरले रु.५०८६९।८० बढी भुक्तानी भएको छ । तसर्थ बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.</td><td>५०८७०</td></tr>
<tr><td>४१.</td><td>जिन्सी आम्दानी – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५.१ अनुसार सार्वजनिक निकायले खरिद भएको मालसामानको विवरण तथा मूल्य खुलाई सात दिन भित्र जिन्सी दाखिला गरी आम्दानी जनाउनुपर्ने व्यवस्था गरेको छ । पालिकाले निम्नानुसारको सामानको खरिद गरी विद्यालयलाई हस्तान्तरण गरेकोमा विद्यालयले ती सामान जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश भएको नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.</th><th>कार्य र विवरण</th><th>रकम रु</th></tr>
<tr><td>२१२</td><td>महेन्द्र मावि प्राविधिक शिक्षालयलाई ६ थान डेस्कटप</td><td>४९८०००.००</td></tr>
<tr><td>२१५</td><td>महेन्द्र मावि प्राविधिक शिक्षालय ल्यापटप तथा प्रिन्टर लगायत ६ थान</td><td>४९९००३.००</td></tr>
<tr><td></td><td></td><td>९९७००३.००</td></tr>
</table></td><td>९९७००३</td></tr>
<tr><td>४२.</td><td>पालिकाले यस वर्ष विभिन्न निर्माण तथा मर्मत कार्य गर्दा उक्त स्थानमा भएका पुराना भवन भत्काउदा सालको काठ लगायत देहाय अनुसारका निर्माण सामाग्रीहरु प्राप्त भएकोमा उक्त सामानहरु पालिकाको जिन्सी आम्दानीमा जनाउई सोको संरक्षण गर्ने तथा लिलाम गर्ने कार्य गरेको देखिएन् । देहायअनुसारको भवन संरचना भत्काउदा देहाय अनुसार लिलाम तथा बिक्री गर्न मल्ने काठ तथा अन्य सामानहरु के कति परिमाणमा रहेको छन सोको अभिलेख तयार गरी उक्त सामानहरुको संरक्षण गर्ने तथा यथाशिघ्र लिलाम बिक्री गरी प्राप्त हुने रकम राजस्व दाखिला हुनुपर्दछ ।
<table>
<tr><th>गो.भौ.</th><th>विवरण</th></tr>
<tr><td>६</td><td>पालिकाको वडा नं ६ स्थित भवन भत्काउँदा सालको काठ २२।५ क्यु फिट, स्थानिय काठ ६२।७७ क्यु फिट, ३८ एमएम सालको काठको ढोका ६२।७७ स्वाक्यार फिट, सीजिआई सीथ २१० स्क्यार फिट र आईरन गेट एक</td></tr>
<tr><td>१०९</td><td>पालिकाको वडा नं ६ स्थित भवन भत्काउँदा सालको काठ ७।१८ क्यु फिट, स्थानिय काठ २५।९१ क्यु फिट, ३८ एमएम सालको काठको ढोका ८९।२५ स्वाक्यार फिट, सीजिआई सीथ ८०९ स्क्यार फिट</td></tr>
<tr><td>२३६</td><td>पालिकाको वडा नं ६ स्थित भवन भत्काउँदा सालको काठ ९।०९ क्यु फिट, स्थानिय काठ १६।७१ क्यु फिट, सालको काठको ढोका ९९ स्वाक्यार फिट, सीजिआई सीथ ४२० स्क्यार फिट</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३.</td><td>पाईप खरिद तथा वितरण – सार्वजनिक खरिद नियमावलीको को नियम १० अनुसार निर्माण सामाग्रीको लागत अनुमान तयार गरी प्रतिस्प्रधाको माध्यमबाट खरिद कारबाही गर्नुपर्ने उल्लेख छ । गो.भौ.१९३ बाट २० एमएमको ७०६० मिटर र २५ एम एमको ४०५० मिटर खानेपानी पाईप आर जे ईलेक्ट्रोनिक्सबाट सोझै खरिद गरी रु.६७४३६८ भुक्तानी दिएको छ । उक्त पाईपहरु वडा नं ७ का वडा अध्यक्ष श्री बुद्धी</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	बहादुर सिजालिले सप्लायर्सबाट बुझी लिई वितरण गरेकोमा के कस्तो लाभग्राहीलाई के कति परिमाणमा पाईप दिईएको हो सोको कुनै सुचक समेत समावेश गरेको तथा वितरित पाई जाडान भए नभएको सो समेत खुल्ने प्राविधिक मुल्यांकनसमेत समावेश गरेको पाईएन । उक्त पाईपहरु वितरण गर्ने र वितरण गरिएको पाईपहरुको जडान भएनभएको अनुगमन गरी प्राविधिक मुल्यांन गर्ने कार्य गरेको समेत देखिएन । अत यसमा सुधार गरी प्रतिस्प्रधाका माध्यमबाट खरिद गरेको नदेखिएकोले उक्त पाईप खरिद कार्य नियमसंम्मत नदेखिएको तथा पाईपहरु जाडन भएको प्राविधिक विल पेश हुनुपर्ने रु.	६७४३६८
४४.	**पाईपलाईन नपुरेको —** गो.भौ.९ मिति २०७७।०३।१६ बाट अरेलीघारी सिचाई उपभोक्ता समितिलाई ११० एमएमको ९० र ९० एमएमको ६७ मिटर गरी १५७ मिटर पाईपलाईन खन्ने तथा पुर्ने कार्य भएको भनी ४७।५८ घ.मि.मा प्रति घ.मि.र.३२५ का दरले भुक्तानी भएकोमा श्रेस्तामा संलग्न फोटो तथा लेखापरीक्षणको क्रममा प्राप्त जानकारीका अनुसार उक्त पाईपलाईन खन्ने पुर्ने कार्य भएको देखिएन् । तसर्थ कार्य नभएको परिमाण गणना गरी बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.	५१०२५
४५.	**मू.अ.कर समायोजन —** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (एकाइसौ संशोधन) को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको स्वामित्व भएको संघसस्थाले ठेक्का वा करार सम्झौता अन्तर्गत वस्तु तथा सेवाको आपूर्ती गर्दा सम्बन्धित ठेकदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुन आउने रकम कट्टा गरी निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी ५० प्रतिशत मात्र भूक्तानी दिने उल्लेख छ । तर पालिकाले तपसिलबमोजिमका कार्यमा नियमानुसार ५० प्रतिशत मू.अ.कर रकम कट्टी गरेको पाईएन । त्यसैले सम्बन्धित निर्माण व्यवसायि वा आपुर्तिकर्तालाई पालिकाबाट भूक्तानी भएको मु.अ. कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	२४१६८५

गो.भौ.	योजना/ कार्यक्रमको नाम	निर्माण व्यवसायि/सप्लायर्स	भुक्तानी मु.अ.कर	५०% मु.अ.कर
१९३	वडा गत साना पूर्वाधार योजना खानेपानी पाईप खरिद	आर जे ईलेक्ट्रोनिक्स	७७५८२	३८७९१
२१२	महेन्द्र मावि प्राविधिक शिक्षालय डेस्कटप खरिद	एएनएस टेक्नोलोजी प्रालि	५७२९२	२८६४६
२१३	मेसिनरी औजार खरिद	टेकेलाईट ग्रुप ट्रेड कन्सर्न	४८४२६	२४२१३
२१४	आईटी प्रोग्राम	सर्यशक्ति ईन्टर प्राईजेज	२९२२८	१४६१४
२१५	महेन्द्र मावि प्राविधिक शिक्षालय प्रिन्टर खरिद	ए टु जेड सप्लायर्स	५७४०८	२८७०४
२४७	मेसिन औजार	जेनिसा कम्युटर ईन्फोसिस	३५०००	१७५००
२५६	मेसिन औजार	फ्रण्ड एण्ड कम्पनी प्रालि	३४५१४	१७२५७
१७	कृषि औजार अनुदान कार्यक्रम	मकवानपुर कृषि प्रविधि सप्लायर्स	९२१५०	४६०७५
१९	ह्याचरि मेशिन वितरण	हेटौडा सिडस एण्ड एग्रो ईन्टरप्राईजेज	५१७७०	२५८८५
जम्मा			**४८३३७०**	**२४१६८५**

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
४६.	**पूर्वनिर्धारित क्षतिपुर्ती** - पालिका र निर्माण व्यवासायि बीच मिति २०७६।०५।०९ मा भएको सम्झौताको जीसीसी ५५।१० मा निर्माण व्यवसायि समयमा कार्य नगरेमा अधिकतम सम्झौता रकमको १० प्रतिशत हुने गरी प्रति दिन सम्झौता ०।०५ प्रतिशतले हुने रकम पूर्व निर्धारित क्षतिपूर्ति लाग्ने उल्लेख छ । पालिकाले व्यसायिक सटर निर्माण कार्यको लागि रु.३५००००० को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेकोमा निर्माण व्यवसायि श्री मित्र निर्माण सेवाले मिति २०७६।११।०८ भित्र निर्माण सम्पन्न गर्ने गरी रु.३३८६१८४।८८ मा सम्झौता गरेको छ । निर्माण व्यवासायिले मिति	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	२०७६।१०।०५ मा म्याद थपको निवेदन दिएकोमा पालिकाको मिति २०७६।११।०७ मा सूरु सम्झौताको १५ प्रतिशत अर्थात २७ दिन म्याद थप गर्ने निर्णय गरेको छ । जसअनुसार निर्माण व्यसायिले उक्त कार्य सम्पन्न गर्ने म्याद २०७७।१२।०७ भित्र सम्पन्न गर्नुपर्ने देखिन्छ । कार्यालयबाट पेश भएको श्रेस्ता लागयतका कागजातका आधारमा निर्माण व्यवसायिले उक्त कार्य मिति २०७७।०३।२६ मा मात्र सम्पन्न भएको देखिन्छ । उक्त सम्झौता अनुसार निर्माण व्यसायिले मिति २०७६।१२।०७ देखि २०७७।०३।२६ सम्म ९६ दिनको प्रति दिन ०।०५ प्रतिशतका दरले रु.१६२५३६।८७ निर्धारित क्षतिपूर्ति रकम असुल हुनुपर्ने देखिन्छ । तसर्थ निर्माण व्यवसायिबाट असुल हुनुपर्ने देखिएको रु.	१६२५३७
४७.	**कार्यसम्पादन जमानतको म्याद** - पालिकाले व्यसायिक सटर निर्माण कार्यको लागि रु.३५००००० को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेकोमा निर्माण व्यवसायि श्री मित्र निर्माण सेवाले मिति २०७६।११।०८ भित्र निर्माण सम्पन्न गर्ने गरी रु.३३८६१८४।८८ मा सम्झौता गर्दा मिति २०७७।११।०९ सम्म म्याद भएको रु.१६९३०९।२४ को बैंक जमानत पेश गरेकोमा सूरु सम्झौताको १५ प्रतिशत अर्थात २७ दिन म्याद थप गर्दा जमानतको म्याद थप समेत मागेको पाईएन । साथै निर्माण व्यवसायिले २०७७।३।२६ निर्माण कार्य सम्पन्न गरी भुक्तानी लिएकोमा उक्त जमानतको म्याद २०७८।०४।२६ सम्म कायम भएको हनुपर्नेमा सो समेत भएको पाईएन् । तसर्थ कार्य सम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश हुनुपर्ने रु.	१६९३०९
४८.	**पूर्वनिर्धारित क्षतिपुर्ती** - पालिकाले व्यसायिक सटर निर्माण कार्यको लागि रु.३५००००० को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेकोमा निर्माण व्यवसायि श्री मित्र निर्माण सेवाले मिति २०७६।११।०८ भित्र निर्माण सम्पन्न गर्ने गरी कबोल दरमा १।५ प्रतिशतका दरले छुट समावेश गरी रु.३३८६१८४।८८ मा सम्झौता गरेको छ । पालिकाले गो.भौ. ४७ मितति २०७६।१०।०६ बाट रु.१४१६९६४ को प्रथम रनिङ्ग बिल भुक्तानी दिदाँ निर्माण व्यवसायिले कबोल गरेको छुट लिएको देखिएन् । तसर्थ निजले बिओक्यूमा कबोल गरेको १।५ प्रतिशतले प्रथम बिलको हुने छुट रकम रु.२१२५४।३२ असुल हुनुपर्ने देखिन्छ । तसर्थ उक्त रकम निर्माण व्यवसायिबाट असुल हुनुपर्ने देखिएको रु.	२१२५५
४९.	**नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । पालिकाले वडा कार्यालयको दैनीक कार्य संचालन गर्न भवन नभएको अवस्थामा भवन भाडामा लिई खर्च लेखेको अवस्थामा समेत पालिकाले देहाय अनुसारका बचत तथा ऋण सहकारी संस्थालाई भवन निर्माण, मेसिनरी औजार तथा उपकरण खरिद लगायतका कार्यमा अनुदान दिएको छ । जसबाट पालिकाको सेवा प्रवाहलाई सहज तथा सुलभ बनाउने कार्य भन्दा नाफामूलक संस्था भवन निर्माण तथा कार्यालय व्यवस्थापन खर्चमा लागि रु.१९२९२०० गरेको देखिन्छ । साथै अनुदान लिएका नाफामुलक संस्थाले स्थानिय जनतालाई दिएको सहुलियत तथा सुविधाको सम्बन्धमा समेत पालिकाबाट अनुगमन भएको पाईएन् । तसर्थ यसप्रकारको अनुदान उपलब्ध गराउने कार्यमा नियन्त्रण गरी नाफामुलक संस्थालाई अनुदान उपलब्ध गराउने मिल्ने नदेखिएको भनी लेखापरीक्षणबाट औल्यापश्चात मिति २०७८।०३।०८ मा बसेको गाउँसभाबाट नियमित भएको प्रमाण पेश गरेको छ । तसर्थ पालिकाले नाफामुलक संस्थालाई अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	

भौ.नं.	अनुदान पाउने संस्थाको नाम	प्रयोजन	अनुदान रकम
२०६	महिला उत्थान बचत तथा ऋण	शौचालय निर्माण	३०००००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

	सहकारी संस्था		
२१७	महिला अभियान बचत तथा ऋण सहकारी संस्था	ल्यावटप लगायतका सामान खरिद	३०००००
३५	हाम्रो किसान बचत तथा ऋण सहकारी संस्था	टेबल कुर्सी लगायत ८ प्रकारका सामान	१५००००
१०६	सृजनशिल बचत तथा ऋण सहकारी संस्था	भवन निर्माण	५०००००
१८२	लालिगुरास साना किसान बचत तथा ऋण सहकारी संस्था	टेबल कुर्सी लगायतका सामान	१५००००
१८३	महांकाल बहुउद्देशिय सेवा समिति	भवन निर्माण	३०००००
३८४	भिमसेन साना किसान सहकारी संस्था	फर्निचर व्यवस्थापन	२२९२००
	जम्मा		**१९२९२००**

५०. पालिकाले गो भौ १७४ मिति २०७७।०३।२१ बाट बाराही माविको अफिस व्यवस्थापनका लागि रु.९९४९९ का सोफा सेट, टेवल कुर्सी लगातका सामान खरिद गरेकोमा लेखापरीक्षण अवधि सम्म उक्त सामान विद्यालयलाई हस्तान्तरण गरेको देखिएन् । यसरी आर्थिक बर्षको अन्तमा मौज्दात रहने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५१. **वन कार्यालयसँगको समन्वय** – सामुदायिक वन उपभोक्ता समिति वनको संरक्षण गर्नको लागि डिभिजन वन कार्यालयबाट गठीत समितिमात्र भएको र सो वन भित्र विकास निर्माणको कार्य गर्दा सो गर्ने नगर्ने सम्बन्धमा पालिकालाई अनुमति दिने वा नदिने भन्ने समबन्धमा निर्णय गर्ने आधिकारीक निकाय होईन । पालिकाले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसारका योजनाहरुको लगत तयार गरी वन क्षेत्रमा सडक लगायत विकास निर्माणका कार्य गर्दा डिभिजन वन कार्यालयसँग समन्वय गर्नुपर्नेमा सो नगरी सामुदायिक वन उपभोक्ता समितिबाट सहमती लिएको देखिन्छ ।साथै उक्त निर्माणले वातावरणमा पार्ने प्रभावका सम्वन्धमा वातावरणिय प्रभाव मुल्यांकन समेत भएको देखिएन् । तसर्थ पालिका वन क्षेत्रिभित्र कार्य गर्नुपूर्व डिभिजन वन कार्यालयसँग आवश्यक समनवय गरी सहमति लिनुपर्ने देखिन्छ । यसका केही उदाहरणहरु

गो.भौ.	योजनाको नाम	लागत अनुमान	कार्यालयबाट भुक्तानी भएको रकम	वन क्षेत्र चिभ कार्य गर्ने अनुमती दिने वन उ स
४	दम्की घुसीनी अछौडा सडक वडा नं ५	३६७९००७	३०००००	जनकल्याण सा व उ स र कालीदेवि सा व उ स

५२. **अन्य निकायसँगको समन्वय** – पालिकाले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसारका योजनाहरुको कार्यान्वयन गर्दा सोही प्रकृतिका कार्य गर्ने संघीय तथा प्रदेशका निकायहरुसँग समन्वय गरी गर्दा उक्त योजना दोहोरो परे नपरेको एकीन गरी योजना संचालन तथा कार्यान्वयन गर्नुपर्दछ । तर पालिकाले देहायका योजनाहरुसंचालन गर्दा देहायअनुसार निकायहरुसँग समन्वय गरेको देखिएन् । जसकाबाट सोही प्रकृतिको कार्य सोही स्थानमा अन्य निकायबाट कार्य भएको र पालिकाबाट कार्य भएको फरक फरक भए नभएको सम्बन्धमा एकीन गर्न सकिएन् । तसर्थ पालिका अन्य निकायबाट सोही प्रकृतीको योजन संचालन गरे नगरेको यकिन गरी दोहोरो नहुने गरी योजना संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

गो.भौ.	योजनाको नाम	लागत अनुमान	कार्यालयबाट भुक्तानी भएको रकम	समन्वय गर्नुपर्ने कार्यालय
११	सानुटार सिचाई मर्मत योजना	६०८९९५	५०००००	जलस्रोत तथा सिचाई विकास डिभिजन

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

३	उपल्लो सुपिङ्ग वृहत खानेपानी योजना	४४६४४१८	३९८७६०९	खानेपानी तथा सरसफाई डिभिजन
४	चुनीया वृहत खानेपानी योजना	२१४४३९९	१९३७४२०	खानेपानी तथा सरसफाई डिभिजन

५३. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ३१(१) मा रु. २० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । बर्ष भरी आवश्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाई आवश्यक परेको बखत आपुर्ती गर्नेगरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्नेमा भनी लेखापरीक्षणबाट औल्यापश्चात पालिकाको मिति २०७८।०३।०८ मा बसेको गाउँसभाबाट पालिका भवन निर्माणधिन तथा स्टोर अभाव भनी नियमित गरेको प्रमाण पेश गरेको छ । तसर्थ पालिकाले प्रतिस्प्रधाको माध्यमबाट खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

गो.भौ.	सामान/कार्य	व्यवसायि/सप्लायर्स	बिजक मिति	रकम रु
२३४-२०७७/०३/३१	सामुदायिक भवन निर्माण	मित्र निर्माण सेवा	२०७७/०३/३०	४९१२८५
२३३-२०७७/०३/३१	सामुदायिक भवन निर्माण, झ्यालढोका निर्माण	थिङ्ग कन्ट्रक्सन प्रालि	२०७७/०३/३०	२४८४१३
२३५-२०७७/०३/३१	ग्रामिण विद्युतिकरण	यथार्थ निर्माण सेवा	२०७७/०३/२५	४७८८००
२४४-२०७७/०३/३१	ग्रामिण विद्युतिकरण	एच के एम कन्ट्रक्सन	२०७७/०३/२२	४४१४८४
२३०-२०७७/०३/३१	वडा नं १ शौचालय निर्माण	पवित्र निर्माण सेवा	२०७७/०३/३०	४९६७८३
२३२-२०७७/०३/३१	वडा नं ७ भवन मर्मत	के बि कन्ट्रक्सन	२०७७/०३/३०	४९५८८०
२३७-२०७७/०३/३१	भिमफेदी बजार व्यवसायिक सडकर र ईन्टेक	बयुश्रि बिल्डर्स एण्ड सप्लायर्स	२०७७/०३/३०	४९९७९३
२४५-२०७७/०३/३१	वडा नं २ भवन मर्मत	राना कन्ट्रक्सन	२०७७/०३/२८	४९९५२८
१२२-०७६/९/२९	छपाई सामाग्री	गौरीशंकर छापाखाना	-	१२२२६६
१२२-०७६/९/२९	छपाई सामाग्री	न्यु प्रयास छापाखाना	-	२९७५२८
१६३-०७६/११/१२	कार्यालय सामाग्री	समृध्दी सप्लायर्स	-	२७३६५२
३०६-०७७/२/२२	छपाई सामाग्री	गौरीशंकर छापाखाना	-	६५४८३
३२८-०७७/३/१	छपाई सामाग्री	न्यु प्रयास छापाखाना	-	१२१४१८
३३८-०७७/३/२	छपाई सामाग्री	गौरीशंकर छापाखाना	-	९३२२५
४६५-०७७/३/३०	कार्यालय सामाग्री	सागर स्टेशनरी	-	२४५३८२
जम्मा				४८७०९२०

सघं सशर्त

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५४.	गो.भौ. ६ मिति २०७७।०३।२१ बाट सहकारी सिचाई तथा साना सिचाई कार्यक्रम अन्तरग पान्द्राङ्ग सिचाई निर्माण उ.स.ले ४०० मिटर पाईप खरिद गरेकोमा पालिका प्राविधिकले तायर गरेको नापी किताबमा उपभोक्ता समितिले ६०० मिटर पाईप लेईङ्ग तथा पाईपलाई खन्ने पुर्ने कार्य गरेको भनी प्रति घ.मि.रु.३२५ का दरले भुक्तानी दिएको छ । ४०० मिटर पाईप खरिद गरिएकोमा ६०० मिटर पाईप लाईन खन्ने पुर्ने कार्य आवश्यक पर्ने नदेखिएकोले २०० मटर बढी खनेको देखाई ४५।६ घ.मि.मा प्रति घ.मि.र.३२५ का दरले रु.७४१० बढी भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्ने देखिएको रकम रु.	७४१०
	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	
५५.	**प्रगति विवरण-** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वियन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई ४ परियोजना संचालन गर्न रु.८४२३५०० बजेट प्राप्त भएकोमा तिन वटा योजना कार्यान्यवन गरी रु.७८६६५२९ खर्च भई ९३।३९ प्रतिशत खर्च प्रगति भएको छ । उक्त खर्च रकम मध्ये कार्यविधि अनुसार योजना संचालन नभई बाँकी रहेको रकम मध्ये रु.४५५००० जिससको निर्णय अनुसार कोभिड कोषमा ट्रान्सफर गरी खर्च प्रगति देखाएको छ ।	
५६.	**ग्याविनमा बढी भुक्तानी** – पालिकाले देउराली खाडीखर्क हुदै खाडीधारा सडक निर्माणका लागि ग्याविन जालि भर्ने कार्यको लागि खानीको ढुंगा प्रयोग गर्ने गरी प्रति घ.मि.रु.२१४९ का दरले हुने दरबिश्लेषण सहित उपभोक्ता समितिसँग सम्झौता गरेको छ । तर उपभोक्ता समितिले उक्त ग्याविन भर्न नदीको ढुंगा प्रयोग गरेको देखिन्छ । नदीको ढुंगा प्रयोग गर्दा प्रति घ.मि.रु.१८०० का दरले भुक्तानी हुनुपर्ने देखिन्छ । तर उपभोक्ता समितिले तोकीय गुणस्तमा कार्य नगरेको अवस्थामा दररेट संशोधन गरी भुक्तानी दिनुपर्नेमा लागत अनुमानकै दरमा भुक्तानी दिएकोले उक्त ग्याविन भर्ने कार्यमा प्रति घ.मि.रु.३४९ का दरले ६० घ.मि.मा रु.२०९४० बढी भुक्तानी भएको देखिन्छ । तसर्थ बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.	२०९४०
५७.	**उपभोक्ता समितबाट खरिद** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार स्थानीय सीप तथा ज्ञानको प्रयोग गरी गर्ने सकिने निर्माण कार्यहरुमा मात्र उपभोक्ता समितिबाट गराउने मिल्ने दिन्छ भने उपभोक्ता समितिबाट खरिद कार्य गर्न मिल्ने व्यवस्था गरेको देखिदैन् । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेको छन ।	
५७.१.	पालिकाले उपल्लो सुपिङ्ग वृहत खानेपानी योजनाका लागि रु.३३६६३१४ को पाईप तथा फिटिङ्ग र समर्शिवल पम्प सहितका सामान खरिद गर्ने समेत रु.४४६४४१८।५० को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरेको छ । उपभोक्ता समितिले सम्झौता अनुसारका पाईप तथा फिटिङ्ग सामानहरु खरिदका लागि ३ वटा सप्लायर्सबाट कोटेशन माग गेकोमा श्री आर के ईलेक्ट्रोनिक्सबाट विभिन्न ६ प्रकारका रु.२७५०९५२।६८ को ६२२० मिटर पाईप तथा रु.२६६८६१।९३ को फिटिङ्ग र रु.३४८५०० को एक थान समर्शयिल पम्प खरिद गरेको विल पेश गरेको छ । सार्वजनिक खरिद नियमावलीमा उपभोक्ता समितिबाट मालसान खरिद गर्न मिल्ने व्यवस्था रहेको नदेखिदाँ पालिकाले नियमानुसार खरिद गरी उपभोक्ता समितलाई हस्तान्तरण गर्नुपर्नेमा उपभोक्ता समितिमार्फत नै खरिद हुने गरी सम्झौता गरेको छ । जसअनुसार उपभोक्ता समितिले सोझै खरिद गरेको देखिएकोले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रतिप्रधा समिति हुने गरी खरिद नभएको भन्न सकिने अवस्था रहेने । जसअनुसार पालिकाले सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसारका कार्यमात्र उपभोक्ता समितिबाट गराउने गरी सम्झौता गर्ने तथा यसप्रकारका कार्य उपभोक्ता समितिमार्फत संचलन गर्दा खानेपानी तथा सरसफाई डिभिजनसँग सहकार्य गरी नियममा भएको व्यवस्था अनुसार योजना कार्यानवयन गर्नुपर्ने देखिन्छ । तसर्थ	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	सार्वजनिक खरिद नियमावलीमा उपभोक्ता समितिबाट खरिद गर्न नमिल्ने भनी लेखापरीक्षणबाट औंल्यपश्चात पालिकाको मिति २०७८।०३।१० गते बसेको गाउँसभाबाट नियमित भएको प्रमाण पेश गरेको छ । तसर्थ पालिकाले उपभोक्ता समितिबाट खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
५७.२.	पालिकाले चुनिया वृहत खानेपानी योजनाका लागि रु.१८०४१२९ को पाईप तथा फिटिङ्ग खरिद गर्ने सहित रु.२१४४३९९ को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरेको छ । उपभोक्ता समितिले सम्झौता अनुसारका पाईप तथा फिटिङ्ग सामानहरु खरिदका लागि ३ वटा सप्लायर्सबाट कोटेशन माग गरेकोमा श्री गौरी हार्डवयेरबाट विभिन्न ५ प्रकारका रु.१६२०९८७।८३ को १८५५० मिटर पाईप तथा रु.१८३१४०।८० को फिटिङ्ग खरिद गरेको विल पेश गरेकोमा उक्त पाईपहरु जडान भएको समेत देखिएन्। सार्वजनिक खरिद नियमावलीमा उपभोक्ता समितिबाट मालसान खरिद गर्न मिल्ने व्यवस्था रहेको नदेखिदाँ पालिकाले नियमानुसार खरिद गरी उपभोक्ता समितलाई हस्तान्तरण गर्नुपर्नेमा उपभोक्ता समितिमार्फत नै खरिद हुने गरी सम्झौता गरेको छ । जसअनुसार उपभोक्ता समितिले सोझै खरिद गरेको देखिएकोले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रतिप्रधा समिति हुने गरी खरिद नभएको भन्न सकिने अवस्था रहेने । साथै आर्थिक वर्षको अन्तमा मौज्दात रहेने गरी पाईपहरु खरिद गर्ने कार्यमा नियन्त्रण गरी उक्त खरिद भएको पाईपहरु जडान भएको देखिने नापी किताब तथा कार्य सम्पन्न पेश हुनुपर्ने देखिएको रु.	१८०४१२९
५८.	**स्थालगत निरीक्षण** – उपल्लो सुपिङ्ग वृहत खानेपानी योजनाका लागि रु.३३६६३१४ को पाईप तथा फिटिङ्ग र समर्शिबल पम्प सहितका सामान खरिद गर्ने समेत रु.४४६४४१८।५० को लागत अनुमान तयार गरेकोमा उपभोक्ताले यस वर्ष रु.४४५२०२७।७० को कार्य सम्पन्न गरी पालिकाबाट रु.३८६७६०९ भुक्तानी लिएको छ । उक्त योजनाको स्थलगत निरीक्षण गरिएकोमा ६२२० मिटर मध्ये ६००० मटर मात्र पाई पुर्ने कार्य भएको भनी २०७७ आषाढमा नापी तथा मूल्यांकन गरिएकोमा लेखापरीक्षण अवधी २०७७ चैत्र २१ मा सोही योजनाको ३ स्थानमा गरिएको स्थलगत निरीक्षणमा नापी किताबमा पाईपलाईन खन्ने पुर्ने कार्य भएको भनी देखाएकोमा १५० मिटरमा उक्त कार्य भएको पाईएन् ।जसबाट उक्त कार्य नभएको अवस्थामा भएको भनी नापी गरी ४५।७५ घ.मि.मा. प्रति घ.मि.रु.१९४।४६ का दरले रु.८८९७ बढी भुक्तानी भएको देखिन्छ । साथै उपभोक्ता समितिले रु.३४८५०० मा खरिद गरेको समर्शिबल पम्म लेखापरीक्षण अविधि सम्म जाडान समेत गरेको समेत देखिएन् । जसबाट उक्त पम्मको वारेन्टी पिरियड जान नगरेकै अवस्थामा समाप्त हुने सक्ने समेत देखिएकोले उपभोक्ता समितिले बजेट खर्च गर्ने उद्देक्षे मात्र खरिद गरेको देखिन्छ । पालिकाले यसप्रकारका कार्यमा नियन्त्रण गरी बढी भुक्तानी भएको रकम असुल गर्ने तथा उक्त सामान जडान गरेको प्रमाण पेश हुनुपर्ने रु.	३५७५९७
	प्रदेश पूर्वाधार विकास कार्यक्रम	
५९.	**प्रगती विवरण** - प्रदेश पूर्वाधार विकास कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई ३ परियोजना संचालन गर्न रु.६९३७००० बजेट प्राप्त भएकोमा २ वटा योजना कार्यान्यवन गरी रु.५२०८६२२ खर्च भई ७५।०८ प्रतिशित खर्च प्रगति भएको छ । साथै एक योजना संचानल भएको देखिएन।	
६०.	**घटी लम्बाईमा कार्य गरेको** – कुनै पनि निर्माण कार्यको नापी किताब तयार गर्दा योजना सम्झौता गर्दा तयार गरिएको लागत अनुमानसँग तुलना गरी लागत अनुमान भन्दा फरक कार्य भएन नभएको एकिन गर्ने तथा फरक कार्य भएको अवस्थामा प्राविधक पुष्ट्याई समाबेश गरी सम्झौता रकममा नबढने गरी कार्य भएको परिमाणको भुक्तानी दिनुपर्दछ । पालिकाले ६०२० मिटर लाम्बाई तथा ५।५ मिटर चौडाई भएको	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	गुम्बा पोखरि कृषि सडक निर्माण कार्यको लागि रु.४४५४३२३।९८ को लागत अनुमान तयार गरी पालिकाले रु.३८८०००० र उपभोक्ता समितिले रु.५७४३२३।९८ भुक्तानी गर्ने गरी सम्झौता गरेको छ । उपभोक्ता समितिले पालिकासँग भएको सम्झौता अनुसार ६०२० मिटर सडक निर्माण गर्नुपर्नेमा जम्मा ४२३० मिटर मात्र सडक निर्माण गरी रु.३८८०००० भुक्तानी लिएको छ । उपभोक्ता समितिले १८०० मिटर घटी लम्बाईमा कार्य गरेको अवस्थामा समेत सम्झौता अनुसारको रकम भुक्तानी गर्दा नापी किताब तथा प्राविधिक मुल्यांकन गर्दा सोको प्राविधिक पुष्टयाई उल्लेख गरेको पाईएन । तसर्थ पालिकाले घटी लम्बाईमा कार्य भएको अवस्थामा प्राविधिक पुष्टयाई समावेश गरी घटी लम्बाईमा कार्य हुनुको कारण समावेश गरी सोही अनुसार योजना संशोधन गर्नुपर्ने भएमा सो समेत गरी भुक्तानी दिने तथा कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
६१.	**परिमाण गणनामा त्रुटी** – पालिकाले ६०२० मिटर लाम्बाई तथा ५।५ मिटर चौडाई भएको गुम्बा पोखरि कृषि सडक निर्माण कार्यको गर्दा चेनेज नं ३६६० देखि ३९०० सम्म औषतमा ४० प्रतिशत हार्ड रक कटिङ्गको कार्य हुने गरी लागत अनुमान तयार गरी उपभोक्ता मितिसँग सम्झौता गरेको छ । पालिका प्राविधकले उपभोक्ता समितिकलाई भुक्तानी हुने बिल तथा नापी किताब तयार गर्दा सोही चेनेज (३६६० देखि ३९००) मा लागत अनुमान अनुसार ४० प्रतिशत नै हार्ड रक कटिँङ्ग कार्य भएको भनी उल्लेख गरेको छ । तर हार्ड रकको परिमाण गणना गर्दा ३३९० देखि ३६३० सम्म को परिमाणलाई लिई कुल खन्ने कार्यको ८० प्रतिशत हार्ड सोईल, २० प्रतिशत सफ्ट रकम र ४० प्रतिशत हार्ड रक खन्ने कार्य भएको देखाई त्रुटीपुर्ण नापी तयार गरी उपभोक्ता समितिलाई १८०० मिटर घटी सडक निर्माण कार्य गरेको अवस्थामा समेत सम्झौता अनुसारकी रकम रु.३८८०००० भुक्तानी दिएको देखिन्छ । तसर्थ यसरी त्रुटीपुर्ण नापी तयार गरी मुल्यैकन गर्दा हार्ड रक तर्फ ४९०।६२ घ.मि. मात्र परिमाण समावेश हुनुपर्नेमा १९०२।२७ घ.मि.परिमाण समावेश हुने गई ११४१।६५ घ.मि.मा प्रति घ.मि.रु.३६८।२० का दरले ५१९७६९।५३ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ उक्त बढी भुक्तानी भएको रकम असुल गरी प्रदेश संचितकोष दाखिला हुनुपर्ने देखिएको रु.	५१९७७०
६२.	**ढुंगाको परिमाण नघटाएको** – गो.भौ.१ मिति २०७७।०३।२६, सडक तथा अन्य निर्माण कार्य गर्दा साईटमा उपलब्ध हुने तथा निर्माण गर्दा प्राप्त हुने निर्माण सामाग्री प्रयोग गरी निर्माण गर्नेगरी लागत अनुमान तयार गर्नुपर्दछ । पालिका प्राविधिकले गुम्बा पोखरि कृषि सडक निर्माण उपभोक्ता समितिलाई भुक्तानीको लागि तयार गरिएको नापी किताब तथा उपभोक्ता विलको आइटम नं. २ सी मा ब्रेकर लगाई प्रति घ.मि. रु.३६८।२० का दरले १९०२।२७ घ.मि. कडा चट्टान फुटाउने कार्य भएको भनी रु.७००४१५।८१ भुक्तानी भएको छ । तर आईटम नं.९ मा २८२ घ.मि. ग्याविन वर्कको लागि आश्यक पर्ने ३१० घ.मि. ढुंगा प्रति घ.मि रु.१२३० का दरले रु.३८१५४६ मा खरिद गरी प्रयोग गरेको देखाईएको छ । चेनेज नं ३६६० मा हार्ड रक कटिङ्गको कार्य भएकोमा उक्त स्थानबाट उक्त सडक खण्डको सबैभन्दा टाढा सम्म उक्त ढुगांहरु ढुवानी गरी प्रयोग गर्ने गरी दर विश्लेषण गर्दा समेत ढुंगाको दर प्रति घ.मि.रु.६९८ मात्र हुन आउने देखिन्छ । उक्त योजनामा संचालन गर्दा निस्केको ढुंगा प्रयोग नभई फाल्नेकार्य भएको तथा र सोही स्थानका लागि आवश्यक ढुंगा अन्तबाट खरिद गरी प्रयोग भएको भन्न सकिने अवस्था देखिएन् । जसबाटपालिकालाई ग्याविनका लागि आवश्यक ढुंगामा प्रति घ.मि.रु.५३२ का दरले ३१० घ.मि.मा रु.१६४९२० बढी भुक्तानी भएको देखिन्छ । तसर्थ पालिकाले उक्त स्थानमा प्राप्त ढुंगाको प्रयोग नगरी अन्तबाट खरिद गर्नुको प्राविधक पुष्टाई पेश हुनुपर्ने अन्यथा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.	१६४९२०
६३.	**पेश्की बाँकी —** आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ५२ को	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फर्छ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई बेरुजू नमानिने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार देहाय अनुसार पेश्की रकम आर्थिक वर्षको अन्तसम्म पनि फर्छ्यौट नभई बाँकी रहेको देखिन्छ । उक्त पेश्की रकम तोकीय बमोजिम फर्छ्यौट हुनुपर्दछ ।	

भौ नं	पेश्की लिनेको नाम	वापत	म्याद नाघेको रकम	म्याद नाघेको पेश्की
२	आर एण्ड सी नेचुरल जेभी	पालिका भवन निर्माण	१२०५४७८	-
१४	आर एण्ड सी नेचुरल जेभी	पालिका भवन निर्माण	३६२७०००	-
	जम्मा		४८३२४७८	-

	सघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	
	शिक्षा	
६४.	**शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।	

सि.नं.	विद्यालयको संख्या	शिक्षक दरवन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	४९	२१७	२०६	८४	४०४६

	पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाको क्षेत्रमा ८ विद्यालयमा १० भन्दा कम सँख्यामा विद्यार्थी रहेको देखिन्छ। जसमध्ये २ विद्यालयमा विद्यार्थी संख्या शुन्य रहेको छ। विद्यालयलाई विद्यार्थी संख्याको आधारमा दरवन्दीको व्यवस्था मिलाउने र लगातार शुन्य वा अति न्युन विद्यार्थी हुने विद्यालयलाई पायक परेको स्थानमा मर्ज गरी विद्यालयको उपयुक्त व्यवस्थापन गर्नु पर्दछ।	
६५.	**अनुदानको अनुगमनः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ मा माध्यमिक विद्यालयहरुमा पुस्तकालय स्थापना तथा व्यवस्थापन, शिक्षण सिकाइमा आ.इ.सि.टी प्रयोग र विज्ञान प्रयोगशाला स्थापनाका लागि प्रति विद्यालय रु.६५००००/- र विज्ञान, गणित र अंग्रेजी सामग्री (KITS) अनुदान रू. ५००००का दरले एकमुष्ट अनुदान रकम उपलब्ध गराउने र सो रकमबाट तोकिएको स्पेशिफिकेशन अनुसारका किताव तथा ल्याव सामग्री र विज्ञान सामग्री कार्यविधि अनुसार खरिद गरे नगरेको अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका विद्यालयहरुलाई सामग्री खरिद गरेको बिल २०७७ असारसम्म पेश गर्नेगरी देहायका ३ बिद्यालयलाई रु. १,५०,०००/- अनुदान उपलब्ध गराएकोमा तोकिएबमोजिमको काम सम्पन्न गरी विल भरपाई पेश गरेको देखिएन। पालिकाले शर्त अनुसार कार्य भए नभएको सम्वन्धमा अनुगमन गरेको पनि पाइएन। निकासा रकम तोकिएको प्रयोजनमा खर्च भएको सुनिश्चित गर्न विद्यालय अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्दछ रु.......	१५००००

भोचर नं.	विद्यालयको नाम	कार्यक्रमको नाम	रकम
१०९/२०७७/३/२२	जनता आधारभुत विद्यालय	KITS अनुदान	५००००
	महेन्द्र मा. वि.	KITS अनुदान	५००००
	महाकाली आधारभुत विद्यालय	KITS अनुदान	५००००
	जम्मा		१५००००

६६.	**छात्रवृत्ति वितरणः** पालिकाले छात्रवृत्ति निकासा दिएको रकम विद्यालयले सोही सीमा र प्रयोजनमा खर्च	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	गरेको अनुगमन गरी यकिन गर्नु पर्दछ । छात्रवृत्ति सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् —	
६६.१.	पालिकाले विद्यालयलाई निकासा दिएको छात्रवृत्ति रकम वितरण गरे नगरेको सम्वन्धमा अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन।	
६६.२.	पालिकाले निकासा दिएको रकम विद्यालयले सोही प्रयोजनमा खर्च गरेको यकिन गर्नु पर्दछ।यो वर्ष देहायका विद्यालयलाई दिएको छात्रवृत्ति रकम विद्यालयले तोकिएको दर भन्दा वढी दरमा विद्यार्थिलाई वितरण गरेको भरपाई पेश गरी वचत रकम खर्च गरेको देखियो। तोकिएको दर भन्दा वढी दरले वितरण गरेको देखाई खर्च लेखेको रकम असुल गर्नु पर्दछ रु.	८८२३

विद्यालयको नाम	वितरण सँख्या	खर्च लेखुपर्ने रकम	खर्च लेखेको रकम	वढी खर्च
महालक्ष्मी मा. वि., सुपिङ	६५	२६०००	३३२२२	७२२२
मा. वि., कोगटे	६७	२६८००	२८४०१	१६०१
	१३२	५२८००	६१६२३	८८२३

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
६७.	**पाठ्यपुस्तक अनुदानः** शिक्षा विज्ञान तथा प्रविधि विकास मन्त्रालयवाट मिति २०७६।४।२७ मा स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको मार्गदर्शनको क्रियाकलाप नं. ३.१ मा **IEMIS** मा प्रविष्ट तथ्याङ्कलाई सम्वन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सँख्या यकीन गरी पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशतलाई अनुदान दिने, २०७७ वैशाखमा शुरुहुने शैक्षिक शत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन हुने रकममात्र थप अनुदान दिने उल्लेख छ।यो वर्ष पालिकाले ४७ विद्यालयलाई ७५ प्रतिशत अनुदान रु.१६७२८८१ र थप २५ प्रतिशत रकम १५ विद्यालयलाई रु. ३८७१०३ समेत जम्मा रु.२०,५९,९८४।— पाठ्यपुस्तक अनुदान उपलव्ध गराएको छ। पालिकाले शैक्षिक शत्रको सुरुवातमै पुरा सेटमा पुस्तक उपलब्ध भए नभएको अनुगमन गरी उपलब्धताको सुनिश्चित गरेको देखिएन। विद्यालयलाई दिएको अनुदानबाट पाठ्यपुस्तक किनेको विल तथा वितरण गरेको भरपाई पेश भएपछि सत्यापन तथ्याँकसँग भिडान गरी बचत रहेको रकम फिर्ता गराएको समेत देखिएन।अतः विद्यालयले निकासा दिएको रकम सोही प्रयोजनमा खर्च भएको सुनिश्चित हुने गरी विद्यार्थी संख्या र पाठ्यपुस्तक खरिद विल भिडान गरी अनुदान दुरुपयोग नभएको सुनिश्चित गर्नु पर्दछ।	
६८.	**वढी निकासाः** पालिकाले पाठ्यपुस्तकको रकम निकासा दिदा सत्यापन गरेको तथ्याँकसँग भिडान गरी दिनु पर्दछ। अनुदान निकासा दिएपछि विद्यालयसँग वितरणको अभिलेख माग गरी वचत भएको रकम फिर्ता गराउनु पर्दछ।महेन्द्र मा. वि. भीमफेंदीलाई गो.भौ.नं. ८४।२०७७।२।१४ बाट कक्षा १० सम्मको पाठ्यपुस्तक अनुदान रू. १,८७,७०० र गो.भौ.नं. १३८।२०७७।३।३१ बाट थप रु.७५,०६७ समेत रू.२,६२,७६७।— निकासा दिएकोमा विद्यालयले पेश गरेको पुस्तक खरिदको विल अनुसार रू. २,२४,५४३ को पुस्तक खरिद गरी ३५९ विद्यार्थीलाई वितरण गरेको देखिन्छ।अतः पुस्तक खरिदमा भएको खर्च निकासा दिएको रकम भन्दा कम भएकोले वचत भएको रु.	३८२२४
६९.	**लेखा परीक्षण तथा सामाजिक परीक्षणः** विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानबाट आधारभुत तहका ३९ विद्यालयलाई १०००० को दरले रु. ३,९०,००० र माध्यमिक तहका ८ विद्यालयलाई १५००० को दरले रु.१२०००० गरी समाजिक परीक्षण तथा लेखापरीक्षण अनुदान रु.५१०००० विभिन्न ४७ विद्यालयलाई निकासा दिएकोमा विद्यालयको लेखापरीक्षण तथा सामाजिक परीक्षण भएको प्रतिवेदन पेश भएन। समाजिक परीक्षण तथा लेखापरीक्षण भएको प्रतिवेदन पेश हुनु पर्ने रु.	८५०००

सि.नं.	विद्यालयको नाम	वितरण सँख्या	खर्च लेखेको रकम
१.	वाघभैरव प्रा.वि.	लेखापरीक्षण तथा सामाजिक परीक्षण नभएको	१००००
२.	जलेश्वर प्रा. वि	लेखापरीक्षण नभएको	१००००

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

३.	सरस्वती प्रा.वि.	सामाजिक परीक्षण नभएको	१००००
४.	पोखरी प्रा. वि	सामाजिक परीक्षण नभएको	१००००
५.	राष्ट्रिय मा.वि	सामाजिक परीक्षण नभएको	१५०००
६.	दीपक प्रा.वि	सामाजिक परीक्षण नभएको	१००००
७.	नमुना प्रा.वि.	सामाजिक परीक्षण नभएको	१००००
८.	जलेश्वर प्रा.वि	सामाजिक परीक्षण नभएको	१००००
		जम्मा	**८५०००**

७०. **सिकाई सुदृढीकरण अनुदानः** शिक्षा विज्ञान तथा प्रविधि विकास मन्त्रालयवाट मिति २०७६।४।२७ मा स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको मार्गदर्शनको क्रियाकलाप नं. २.७.१३.१३ मा उत्कृष्ठ सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढीकरणका लागि रु. २००००० अनुदान उपलव्ध गराउन सकिने र अनुदान प्राप्त विद्यालयले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गरी सोको आवधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रुपमा पठाउनु पर्ने र स्थानीय तहले प्रस्ताव अनुसार अनुदान रकमको उपयोगको अवश्था बारे नियमित अनुगमन गर्ने उल्लेख छ।यो वर्ष पालिकाले महालक्ष्मी मा.वि. सुपिङ र श्रीकृष्ण मा.वि. भैसे लाई रु. २००००० को दरले जम्मा रु. ४००००० सिकाई सुदृढीकरणका लागि प्रोत्साहन अनुदान उपलव्ध गराएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिकाले व्यवस्था गरे अनुरुप विद्यालयले आवधिक प्रतिवेदन गरेको तथा स्थानीय तहले सोको अनुगमन गरी प्रतिवेदन गरेको देखिएन।निर्देशिकाले गरेको व्यवस्था पालना गर्नु पर्दछ।

७१. **सेनिटरी प्याड खरिदः** सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले १५६०० प्याकेट सेनिटरी प्याड खरिद गरी विभिन्न भौचरबाट बाट रु.१०३५२३८।२० भुक्तानी गरेको छ । प्याड खरिद तथा वितरण सम्वन्धमा देखिएका व्यहोरा निम्नअनुसार छः

गो.भौ.नं.	आपूर्ति कर्ता	खरिद विधि	खरिद परिमाण (प्याकेट)	खरिद दर	भुक्तानी रकम (मु.अ.कर.समेत)
११६।०७७।३।२७	सर्वप्रिय ईन्टरप्राईजेज	सोझै खरिद	७७००	६४.४१	४९५९५७.००
१२८।०७७।३।३०	सर्वप्रिय ईन्टरप्राईजेज	सोझै खरिद	२८०	१४२.३८	३९८६६.४०
१३२।०७७।३।३०	झरना ईन्टरप्राईजेज	प्रतिस्पर्धा	७६२०	६५.५४	४९९४१४.८०
	जम्मा		**१५६००**		**१०३५२३८.२०**

७२. पालिकाले सेनिटरी प्याड प्रतिस्पर्धा नगराई फरक फरक मुल्यमा सोझै खरीद गरी १०३५२३८ (मु.अ.कर वाहेक) भुक्तानी दिएको छ।एकै प्रयोजनकोलागि एकै आपूर्तिकर्ताबाट खरिद गर्दा १२१ प्रतिशतसम्म वढी मुल्यमा खरीद गरेको देखिएकोले पालिकाले खरीद गरेको मध्येको न्युन मुल्यलाई आधार लिँदा पालिकालाई रु. ३०४४२ थप व्ययभार परेको देखियो । पालिकालाई वजेट विनियोजन भए पश्चात समयमै खरिद प्रक्रिया शुरु गरी प्रतिस्पर्धा गराई खरिद गर्नु पर्नेमा नगरी एउटै खरिद टुक्र्याई सोझै खरिद गरेको नियमित देखिएन साथै मौज्दात रहेको अल्या गरी वितरणको भरपाई पेश गर्नुपर्ने देखिएको रु.... — बेरुजू रकम: १०३५२३८

७३. आपूर्तिको समयमा पालिकाले मालसामानको निरीक्षण नगरेकोले कार्यविधिमा तोकिए बमोजिमको म्याद तथा गुणस्तर भए नभएको खुल्न आएन।खरिद नियमावलीमा भएको व्यवस्था अनुसार आपूर्ति भएका सामानको भण्डार दाखिला गर्नु अगावै निरीक्षण गरी प्राप्त सामान तोकिएको गुणस्तर, परिमाण र अवधि बमोजिम भएको सुनिश्चित गर्नु पर्दछ।

७४. पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखेनराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>स्वास्थ्य</td><td></td></tr>
<tr><td>७५.</td><td>तलबी प्रतिवेदनः निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) मा मन्त्रालय, सचिवालय, आयोग र विभाग तथा उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा निजामती किताबखाना र जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले अन्तर्गत कार्यरत स्वास्थ्य तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पास नगरी तलव खर्च लेखेको छ । तवली प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>७६.</td><td>कट्टा रकम दाखिला नगरेकोः गो.भौ.नं. ९।०७६।६।१३ क्षयरोग उपचारको कोहर्ट विश्लेषण गोष्ठीको विभिन्न रकम भुक्तानी दिएको विल भरपाईबाट ध्रुव लामिछानेले अग्रीम कर रु.१३१२ कट्टी गरी भुक्तानी दिएको देखिन्छ।उक्त कर रकम सम्वन्धित राजस्व खातामा दाखिला गरेको नदेखिएकोले निजबाट असुल गरी दाखिला गर्नु पर्दछ रु...</td><td>१३१२</td></tr>
<tr><td>७७.</td><td>औषधी खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १)क (मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु ८४६६७८ को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः
<table>
<tr><th>गो. भौ.न. मिति</th><th>आपुर्ति कर्ता</th><th>रकम</th></tr>
<tr><td>४४।०७६।११।२२</td><td>न्युटन मेडिको फर्मा</td><td>४९८१५०</td></tr>
<tr><td>११७।०७७।३।२१</td><td>युनिक फर्मा</td><td>३४८५२८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८४६६७८</td></tr>
</table></td><td></td></tr>
<tr><td>७७.१.</td><td>औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि आपूर्ति भएका औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त हुने मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट निरीक्षण गराई स्पेशीफिकेशन अनुसार भए नभएको नखुलाएको र विक्रेताले औषधिको जी.एम.पी. सर्टिफिकेट पेश नगरेको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>७७.२.</td><td>औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको औषधिको विवरण खुल्ने गरी आम्दानी बाँध्ने गरेको देखिएन । त्यस्तै खरिद गरिएका कतिपय औषधिहरु जिन्सी खातामा दाखिला नभएको, माग फारामका खर्च घटाउनु पर्नेमा एकमुष्ट खर्च घटाएको र बाँकी रहेको मौज्दात आगामी वर्षलाई जिम्मेवारी सारी खाता अध्याविधक गरेको देखिएन । औषधिहरु माग अनुसार हस्तान्तरण गरेको तर जानकारीको अभावले जिन्सीमा खर्च नजनाएको भण्डार प्रमुखको भनाई रहेको छ । प्रमाणका आधारमा जिन्सीखातामा मौज्दात अद्यावधिक गर्नुपर्ने देखिएको रु......</td><td>८४६६७८</td></tr>
<tr><td>७८.</td><td>न्यानो झोला खरिदः परिवार स्वास्थ्य महाशाखा वार्षिक कार्यक्रम सञ्चालन निर्देशिका २०७४।७५ मा आमा सुरक्षा कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा प्रसुति गर्ने महिलालाई एउटा न्यानो झोला प्रदान गर्ने व्यवस्था छ । विगत वर्षमा स्वास्थ्य चौकीहरुमा उपलव्ध गराएको न्यानोझोलामध्ये खर्च नभई बाँकी रहेका परिमाण यकिन नगरी यो वर्ष पुन ५५० वटा न्यानो झोला खरिद तथा स्वाश्थ्य चौकीमा वितरण गरी गरी भौ नं १३१।०७७।३।३० बाट रु.४९४७१७।— खर्च लेखेको छ । पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट यातायात खर्च वितरण भएको विवरण अनुसार जम्मा ११७ जना महिलाहरुले प्रसुति सेवा प्राप्त गरेको देखियो । प्रसुति संख्याको आधारमा ४३३ थान न्यानो झोलाहरु मौज्दातमै बाकी रहने देखिएकोले आवश्यकता भन्दा धेरै बढी हुने गरी खरिद गर्ने कार्य नियमसम्मत देखिएन । त्यसैले आवस्यकता भन्दा वढी खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
७९.	**मातृ तथा नवशिशु स्वाश्थ्य कार्यक्रमः** मातृ तथा नवशिशु स्वाश्थ्य कार्यक्रमबाट देहायका भौचरहरुबाट देहायअनुसार प्रसुती यातायात, प्रोत्साहन तथा संस्थागत रुपमा भुक्तानी हुने रकमसमेत देहायअनुसार रू. ४३८४००।— खर्च लेखेकोमा निम्न व्यहोरा देखियोः	

गो.भौ.नं	.स्वा.केन्द्र	खर्च लेखेको संख्या	एएनसी कार्ड भएको संख्या	स्वाश्थ्य सस्थालाई दिएको रकम	प्रोत्साहन खर्च	यातायात खर्च	जम्मा
३३।०७६।१०।१५	भैसे	३२	३१	३४०००	२४८००	६४०००	१२२८००
	निवुवाटार	६	५	६०००	४०००	१२०००	२२०००
	भीमफेदी	१९	१७	१९०००	१३६००	३८०००	७०६००
१११।०७७।३।२५	भैसे	३२	२८	३६०००	२२४००	६४०००	१२२४००
	निवुवाटार	७	६	७०००	४८००	१४०००	२५८००
	भीमफेदी	१८	१५	२००००	१२०००	३६०००	६८०००
	ईपा	२	१	२०००	८००	४०००	६८००
	जम्मा	११६	१०३	१२४०००	८२४००	२३२०००	४३८४००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
८०.	खर्च लेखेको विल भरपाईसाथ सम्लग्न कागजात परीक्षण गर्दा ११६ मध्ये १०३ सुत्केरीको मात्र प्रोटोकल अनुसारको समय पुगेको जनाई एएनसी कार्ड समावेश गरी खर्च लेखेको देखियो । बाँकी १३ जना सुत्केरीको एएनसी कार्ड वेगर प्रसुति यातायात खर्च र संस्थागत अनुदानसमेत रू.३९००० भुक्तानी दिएको देखिएकोले सो सम्वन्धमा पालिकाले छानविन गरी ती संस्थामा सुत्केरी भएका वास्तविक लाभग्राहीलाई भुक्तानी भएको हो होईन यकिन गर्नु पर्दछ रू......	३९०००
८१.	**प्रमाण वेगर भुक्तानीः** स्वास्थ्य तथा जनसँख्या मन्त्रालयबाट जारी स्थानीय तहबाट सञ्चालन गरीने कार्यक्रमहरुको सञ्चालन मार्गदर्शन २०७५।७६ मा स्थानीय वर्थीङ सेन्टरमा कार्यरत नर्सिङ स्टाफले संस्थागत सुत्केरी भएको २४ घण्टामा आफ्नै संस्थामा र ३ र ७ दिनमा घरभेटमा गई आमा तथा नवशिशु जांच गर्नु पर्ने, यसरी घरभेटमा जाँदा दुरी अनुसार रु. २०० देखि ५०० सम्म यातायात खर्च दिने र प्रत्येक पटकको घरभेटमा आमा तथा नवजात शिशुको जाँच गरी प्रसुती सेवा रजिष्टरमा चढाउनु पर्ने उल्लेख छ।पालिकाले नर्सिङ स्टाफ घरभेटमा गएको पुष्टी हुने गरी सम्वन्धित सुत्केरी तथा आफन्तबाट भिजिट भएको प्रमाणित गरेको अभिलेख वेगर वर्थीङ सेन्टरबाट माग गरेको आधारमा प्रत्येक भिजिटको रु. ४०० को दरले ६६ सुत्केरी २ पटक भिजिट गरेको उल्लेख गरी ४ स्वाश्थ्य संस्थालाई रु. ५२,८०० भुक्तानी दिएको नियमित देखिएन रु.....	५२८००
८२.	पालिकाले विभिन्न किसिमका स्वास्थ्य सम्वन्धि सर्जिकल्स सामाग्री विभिन्न समयमा सोझै खरिद गरेको छ।छनौट गरी परीक्षण गर्दा एउटै सामान २ वटा फर्मबाट खरिद गर्दा फरक दरमा खरिद गरेको पाइयो।उदाहरणका लागि भौ नं २८, ३३ र ३४ का ४ वटा सामानको मात्र तुलना गर्दा साह्टी बारीलाई रु ३८७०० बढी भूक्तानी भएको रकम रु	३८७००

सामानको नाम	अन्जु सर्जिकल्सको दर	साह्टिबारी ईन्टरनेशनलको दर	जम्मा सामान	फरक दर	बढी रकम
बि पि सेट	२५००	४५००	४	२०००	८०००
स्थेथेस्कोप	५००	१४००	८	९००	७२००
डिजिटल वेट मेशिन	३०००	४५००	४	१५००	६०००
ई एन टी सेट	४०००	७५००	५	३५००	१७५००
जम्मा					३८७००

	कृषि सशर्त	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
८३.	**भ्याक्सिन खर्चः** पालिकाले यो वर्ष १६०९९ बाख्रालाई भ्याक्सिन लगाएको उल्लेख गरी प्रति बाख्रा रु.५ को दरले रु. ८०४९५ खर्च लेखेको देखियो। पालिकाले पशुहरुको संख्या खुल्ने गरी प्रोफाईल तयार नगरेको र भ्याक्सिन लगाएको पशुधनीबाट भ्याक्सिन लगाएको व्यहोरा प्रमाणित समेत नगराएकोले खोप खर्च नियमित नदेखिएको रु...	८०४९५
८४.	**प्रधानमन्त्री रोजगार कार्यक्रम —** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरीकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । पालिकाले यस वर्ष कार्यक्रम संचालन भएको पाईएन् । यस वर्ष कार्यलयमा रोजगार संयोजकको तलब भत्ता तथा अन्य प्रशासनीक खर्चमा रु ५२७६८० खर्च गरेको छ । कार्यक्रमको लागि रु ३७५०००० बजेट प्राप्त भएकोमा कार्यक्रम भएको संचालान भएको पाईएन् । तसर्थ तोकीय बमोजिम कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।	
	सामाजिक सुरक्षातर्फ	
८४.१.	यस गाउँपालिकाले यो वर्ष सामाजिक सुरक्षा वापत रु ५०३६५२००/ खर्च गरेकोमा दखिएका व्यहोरा देहायबमोजिम छन् —	
८४.२.	सामाजिक सुरक्षा नियमावली, २०७६ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकामा सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्थित बनाउन घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन प्रणाली **MIS System** लागु गरिएको छ। तर प्रणालीमा वितरणहरु शुद्ध र पुर्ण रुपमा प्रविष्टि नगरेको कारणले प्रणालीको माध्यमबाट निकालिएको भरपाईको वितरणमा पनि शुद्धता पाइएन । जसले गर्दा भत्ता वितरणमा दोहोरो, मृत्यु भएका व्यक्तिको पनि भरपाईमा नाम नहटाएको जस्तो समस्या देखिएको हुँदा अद्यावधिक विवरणको विश्वसनियता र लाभग्राहीको वास्तविकता प्रति आस्वस्त हुन सकिएन ।	
८४.३.	नमुना छनौटको आधारमा वडा नं १ को लगत कट्टाको मूल अभिलेख परीक्षण गर्दा ठूलीमाया गोलेको मृत्यु २०७६/३/५ मा भएको देखिन्छ।तर वडाबाट आ ब २०७६/०७७ को प्रथम चौमासिक र दोस्रो चौमासिक भत्ता भरपाई गरी प्रदान गरेको छ।यसरी मृत्यु भईसकेको व्यक्तिलाई भत्ता वितरण गर्न नमिल्ने हुनाले असुल हुनुपर्ने रु...	२४०००
८४.४.	**प्रतिवेदन पेश गर्नुपर्नेः** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३ को उपनियम १ मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्ने उल्लेख छ ।उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गते भित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा सो नियमको पालना भएको पाइएन । नियमले गरेको व्यवस्था पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।	
८५.	**कोभिड—१९ तर्फः** आ.व २०७६।७७ को आषाढ मसान्तसम्म कोभिड—१९ रोकथाम तथा नियन्त्रणको	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।	

आम्दानी स्रोत	रकम रु	खर्च शिर्षक	रकम रु
सांसद विकास कोष तथा सहकारीबाट	५२३०१२	राहत वितरण	२००४५०५
चालु खाताबाट ट्रान्सफर	४९०००००	क्वारेन्टाइन होल्डिङ सेन्टर निर्माण व्यवस्थापन	४१६७४५
प्रदेश संचित कोषबाट	१००००००	जनशक्ति परिचालन	१७९०४३२
पदाधिकारी बाट योगदान	१६८५००	औषधी तथा स्वास्थ्य सामाग्री खरिद	११८५७९५
जिल्ला बचत तथा ऋण सहकारीबाट	३६५००	अन्य शीर्षकमा खर्च	४२४०४६
कर्मचारी तलबबाट योगदान रकम	२५९९०३।९०	मौज्दात बाँकी	२४२१७७०.९०
पदाधिकीका बाट योगदान	१६८५००		
शिक्षकहररुबाट योगदान	३५५३७८		
जम्मा	८२४३२९३।९०	जम्मा	८२४३२९३।९०

कोभिड–१९ मा गाउँपालिकाबाट भएको खर्चको श्रेस्ता परीक्षणबाट निम्न व्यहोरा देखिएकाछन्।

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
८५.१.	पालिकाले एकल, अपाङ्ग र अति असक्त व्यक्तिहरु छनौट गरी पहिलोमा २१० र दोस्रो चरणमा ९६६ गरी जम्मा ११७६ घर परिवारलाई चामल, दाल, खानेतेल, नुन र सावुन विभिन्न सप्लायर्सबाट खरीद सोझै खरिद गरी रु.२००४५०५ खर्च गरेको छ।	
८५.२.	पालिकाले कोभिड– १९ नियन्त्रणको लागि ९ सदस्यीय समिति गठन गरी विभिन्न बैठकबाट निर्णय गरी आधारभूत राहत सामग्री वितरणको लागि मापदण्ड तयार गरेको, हेटौडामा रहेको आइसोलेसन बार्डलाई सहयोग, क्वारेन्टीन व्यवस्थापनको सामग्री खरीद, ११७६ परिवारलाई राहत सामग्री वितरण, संक्रमितको खोजी तथा जनचेताना सम्वन्धी कार्य, औषधि उपकरण खरिद गरेको छ ।	
८५.३.	संकटको समयमा राहतको लागि खाद्य सामग्री उपलव्ध गराउन चाहने दाताबाट सँकलन भएको चामल १७९४० के.जी. स्वीकार गरी वितरणको व्यवस्था मिलाएको देखियो ।	
	विपद् व्यवस्थापन	
८६.	**समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिएबमोजिम ४ सदस्यीय समिति समिति गठन गरी ४ वटा बैठक बसेको छ । बैठकको निर्णयबाट कोभिड महामारी नियन्त्रण तथा रोकथामको लागि राहत सामाग्री खरीद तथा वितरण, क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन सम्बन्धि काम गरेको छ।ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रीय बनाउनुपर्दछ ।	
८७.	**कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको छैन। ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।	
८८.	**विपद् व्यवस्थापन कोष –** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ। पालिकाले विपद व्यवस्थापन कोषमा रु.२३४०५० बजेट विनियोजन गरी विपदमा परेका व्यक्तिहरुलाई सहयोगमा रु. १२०८७४ खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>८९.</td><td>अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table><tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr><tr><td>२७७००</td><td>०</td><td>२७७००</td></tr></table></td><td></td></tr>
</table>

भीमफेदी गाउँपालिकाको संचित कोषको विवरण

अनुसूची-१

आर्थिक वर्ष २०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	गत वर्षको जिम्मेवारी	अनुदान	राजस्व बाडबाँड	आन्तरिक आय	अन्य आय	जम्मा	चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात
		१	२	३	४	५	६(२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
भीमफेदी गाउँपालिका	मकवानपुर	५७४६४	२९४५२७	७३५०९	३६५६२	७८४७१	४८३०६९	२११५७३	१६७६७७	७४३१३	४५३५६३	८६९७०

बेरुजू वर्गिकरण (विनियोजन,राजस्व, धरौटी र अन्य करोबार)

अनुसूची-२

आर्थिक वर्ष २०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	प्रारम्भीक वेरुजू			प्रतिक्रीयाबाट फर्छ्यौट			बाँकी बेरुजू			बेरुजूको बर्गिकरण								
		दफा		रकम	दफा		रकम	दफा		रकम	असूल गर्नुपर्ने	अनियमित					पेश्की		
		सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगति			अनियमित भएको	प्रमाण पेश नभएको	राजस्वको जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	**जम्मा**	कर्म चारि	अन्य	जम्मा
भीमफेदी गाउँपालिका	मकवान पुर	६०	६५	२१४२४	०	१४	१०९००	६०	५१	१०५२४	४२९१	८०	६१५३	०	०	६२३३	०	०	०

अद्यवधिक बेरुजू को स्थिति

अनुसूची-३

(रु.हजारमा)

स्थानीय तहको नाम	जिल्ला	गत बर्ष सम्मको बाँकी	समायोजन	सं प को लागि अनुरोध भएको	संपरीक्षण भएको रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको बाँकी मध्ये पेश्की
भीमफेदी गाउँपालिका	मकवानपुर	२७७००	०	०	०	२७७००	१०५२४	३८२२४	६०००